# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४८ | काठमाडौं | बिहीबार, ०२ असोज २०८२ | Prabhab National Daily | Thursday, 18 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**संविधान दिवस भव्य रूपमा मनाऔं**

- संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रूपमा मनाऔं,
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,
- संविधानको महत्व बुझौं र बुझाऔं,
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर(घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# मन्त्री घिसिङको निर्देशनपछि तातोपानी सडक बनाउन तातियो विभाग

- सडक दुई दिनभित्र खुलाउन मन्त्री घिसिङको निर्देशन
- सडक विभागका महानिर्देशक विजय जैसी सडक निरीक्षणका लागि आज तातोपानी पुग्दै
- करिब ३५ मिटर सडक निकै जोखिमपूर्ण रहेको स्थानीय जनप्रतिनिधिको भनाइ
- सडक दीर्घकालीनरूपमा बलियो बनाउन खोलाको सतहबाट उठाएर ल्याउनुपर्ने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सिन्धुपाल्चोकको कोदारी नाका चीनसँग जोडिएको नेपालको प्रमुख नाका हो । तर, २०७२ को भूकम्पयता सडकका कारण नियमित सञ्चालन हुन सकेको छैन । यसको विकल्पमा खोलिएको रसुवागढी नाका पनि गत असार २४ गतेको बाढीपछि अवरुद्ध छ ।

दसैंलगायत चाडपर्व नजिकिँदा पनि दुवैतर्फको सडक नियमित खुल्ने संकेत नदेखिएपछि काठमाडौंका व्यवसायी चिन्तामा देखिन्छन् । यही विषयलाई मध्यनजर गर्दै भोटेकोशी गाउँपालिका वडा २ का वडाध्यक्ष कुमार श्रेष्ठसहित स्थानीयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेत सम्हालेका ऊर्जामन्त्री कुलमान घिसिङलाई ज्ञापनपत्र बुझाए । मंगलबार श्रेष्ठको टोली पुगेपछि मन्त्री घिसिङले सडक दुई दिनभित्र खुलाउन निर्देशन दिए । उनले सडक विभागका महानिर्देशक विजय जैसीलाई आवश्यक प्रक्रिया पूरा गरी सडक दुई दिनभित्र खुलाउन निर्देशन दिएका हुन् ।

मन्त्रीको निर्देशनलगत्तै महानिर्देशक सडकको निरीक्षण गर्न आज तातोपानी पुग्दै छन् । आज बिहान १० बजे तातोपानीमा अरनिको राजमार्गका समस्या र त्यसले व्यापारमा पारेको असरको विषयमा छलफल कार्यक्रम राखिएको छ ।

तातोपानीमा कोदारी सीमाबाट ५०० मिटर नेपालतिरको बाटो निकै अप्ठेरो अवस्थामा रहेको छ । ठूलो पानी पर्दा उक्त सडकबाट सवारी ओहोरदोहोर हुन सक्दैन । अरु बेला भने सवारी चलिरहेको स्थानीय बताउँछन् । यसका लागि दीर्घकालीन समाधान निकाल्नुपर्ने भोटेकोशी गाउँपालिकाका अध्यक्ष पासाङनुर्पू शेर्पा बताउँछन् ।


क्रमशः पृष्ठ २ मा


## 'दीर्घकालीन समाधान जरूरी'




**पासाङनुर्पु शेर्पा**
अध्यक्ष, भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

सडक बनाउन हामीले पटक-पटक संघीय सरकारलाई ज्ञापनपत्र बुझाएकै हौं । यसपटक पनि कुलमान घिसिङ मन्त्री हुनासाथ हाम्रा साथीहरू ज्ञापनपत्र लिएर जानुभयो । बिहीबार सडक विभागको डिआई आइपुग्ने र यसलाई दीर्घकालीनरूपमा समाधान गर्ने कुरा छ ।

पानी नपर्दा खुल्ने, परेपछि बन्द हुने त अहिले पनि भइरहेकै हो । यही सडकका कारण ८६ घरधुरी पनि जोखिममा छ । यो बस्ती जोगाउनेगरी सडक खोलैबाट उठाउन एक अर्बभन्दा बढी लाग्ने देखिन्छ । २३ अर्ब रूपैयाँ राजस्व उठ्ने नाकाका लागि सरकारले यति पनि खर्च गर्न नसक्दा सडक अलपत्र परेको हो ।

# नौ हजार कैदीबन्दी जेलबाहिर त्रासमा अपराधपीडित



- जेन-जी आन्दोलनका क्रममा भागेका नौ हजार १२१ कैदीबन्दी अझै फरार
- पाँच हजार ४३४ जना फर्किए
- कैदीबन्दी फरार हुनुमा पूर्वगृहमन्त्री रवि लामिछाने 'मुख्य जिम्मेवार'
- फरार कैदीबन्दीलाई नियन्त्रणमा लिन प्रहरीलाई टाउको दुखाइ

■ **जेबी योञ्जन**

**काठमाडौं–** अपराधपीडितहरू गएको सातादेखि भयभीत छन् । न्याय नपाउने हो कि भनेर चिन्तित पनि छन् । जेन-जी आन्दोलनका क्रममा गएको २४ र २५ भदौमा देशभरका २७ वटा कारागारबाट फरार कैदी र बालबिज्याइकर्ताहरूमध्ये अझै नौ हजार १२१ जना कारागार फर्किएका छैनन् ।

उनीहरूमध्ये कोही गाउँघरमा लुकेर बसेका, कोही भारत पुगेका आशंका गरिएको छ । गाउँघरमा लुकेर बसेका कैदीबन्दीहरूका कारण अपराधपीडितहरू त्रासमा छन् ।

बलात्कार मुद्दामा दुई वर्षअघि नख्खु कारागार चलान भएका प्रवीण राना मगर २४ गते नै काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाको डाँची पुग्दा असुरक्षाको महसुस भएको पीडित परिवारले बताएका छन् । पीडित परिवारकी एक सदस्यले प्रभावसँग भनिन्, 'छ-सात दिनदेखि यतै छन् । हामीलाई डर भइसक्यो ।'

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले हालै एक प्रतिवेदन सार्वजनिक गर्दै गम्भीर अपराधमा संलग्न अपराधी फरार भएपछि आमनागरिकमा त्रास बढेको जनाएको छ । कैदीबन्दी कारागारबाट फरार हुँदा अदालतले सुनाएको सजाय कार्यान्वयन नहुने भन्दै चिन्तासमेत प्रकट गरेको छ । कैदीबन्दी र बालबिज्याइका आरोपीहरू फरार हुनुमा इन्सेकले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जिम्मेवार ठहर गरिसकेको छ । लामिछाने पूर्वउपप्रधान तथा गृहमन्त्री हुन् ।

जेन-जी आन्दोलन उत्कर्षमा पुगेको दिन २४ भदौको बेलुकी उनी कारागारबाट विजयशैलीमा दलबलसहित बाहिरिएका थिए । उनलाई लिन रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल, तत्कालीन सांसद हरि ढकालसहित नख्खु कारागार पुगेका थिए । कारागारबाट निस्किएपछि रवि एकदमै हर्षित देखिएका थिए । त्यसबेला सुरक्षाको कारण देखाउँदै कारागार प्रशासनले उनलाई छाडेको भन्ने एउटा पत्र लामिछानेले सार्वजनिक गरे, जुन 'फेक' भएको पुष्टि भयो ।

तर, लामिछाने कारागारबाट बाहिरिएपछि तोडफोड गर्दै सोही कारागारका एक हजार २५६ जना कैदीबन्दी फरार भए । फरार भएकाहरूको एक समूह गएर तोडफोड गर्दा केन्द्रीय कारागार सुन्धाराबाट तीन हजार ४५० जना कैदीबन्दी फरार भए । २५ भदौको बेलुकीसम्म देशका अन्य कारागारबाट तोडफोड र आगजनी गर्दै फरार हुने क्रम बढ्यो ।

कारागार व्यवस्थापन विभागका अनुसार झुम्का कारागार सुनसरीबाट एक हजार ५७२ जना, कास्की कारागारबाट ७४६ जना, भरतपुर कारागार चितवनबाट ६९४ जना, कैलाली कारागारबाट ६६७ जना, महोत्तरी कागाराबाट ५७६ जना, सिन्धुली कारागारबाट ४७३ जना, कञ्चनपुर कारागार ४५४ जना कैदीबन्दी फरार भए । नाम बताउन नचाहने एक जना प्रमुख जिल्ला अधिकारी भन्छन्, 'रवि लामिछाने ननिस्किएको भए यस्तो हुने थिएन । उनी निस्किएपछि नै देशभरका कारागारहरू रित्तिने अवस्था आयो ।'

फरार हुने क्रममा कैदीबन्दीहरूले कारागार तोडफोड र आगजनी गरेका थिए । यो क्रम २५ भदौसम्मै चलेको थियो, जतिबेलासम्म प्रहरी कारागार त के आफ्नै ब्यारेक रक्षा गर्न सक्ने अवस्थामा थिएनन् । खासगरी २४ भदौको आँधीमय जेन-जी आन्दोलनले प्रहरीको मनोबल खस्किएको थियो । प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले एक भिडियो सन्देश जारी गर्दै त्यही दिन उच्च मनोबलसहित कर्तव्य पालना गर्न मातहतका प्रहरीहरूलाई निर्देशन दिएबाट प्रहरी मानसिकरूपमा हतास भएको पुष्टि हुन्छ ।


क्रमशः पृष्ठ २ मा




प्रहरी र अध्यागमनसँग समन्वय गरेर फरार भएकाहरूलाई पक्राउ गर्ने क्रम जारी छ । कतिपय सूचना ढिलो थाहा पाएर फर्किँदै छन् ।

■ **चोमेन्द्र न्यौपाने**
निर्देशक
कारागार व्यवस्थापन विभाग

**सन्दर्भः वैदेशिक रोजगार**

# जेन-जी आन्दोलनपछि युएईले रोक्यो नेपाली नागरिकलाई भिसा

## भिजिट भिसासँगै वर्किङ भिसासमेत अस्वीकृत

■ **ममता थापा**




**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाली नागरिकका लागि भिसा रोक्का गरेको छ । भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनपछि सिर्जित परिस्थितिलाई लिएर युएईले भिसा रोक्का गरेको बताइएको छ । यद्यपि, युएई सरकारले आधिकारिक रूपमा यसबारे केही बताएको छैन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीका अनुसार युएईले नेपाली नागरिकलाई दिँदै आएको वर्किङ र भिजिट दुवै प्रकारका भिसा रोकेको छ । युएईले आफ्नो भिसा प्रणालीमा नेपाली नागरिकले आवेदन दिन नै नमिल्ने बनाएको उनको भनाइ छ ।

जेन-जी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र अराजक गतिविधिमा संलग्न व्यक्तिहरू शरण लिनका लागि भिजिट भिसामा युएई प्रवेश गर्नसक्ने बहानामा नेपाली नागरिकलाई भिसा बन्द गरिएको बुझिएको उपाध्यक्ष खोखाली बताउँछन् । 'देशमा जुन घटनाक्रम भयो, ती घटनाक्रममा जेलमा रहेका कैदीबन्दीहरू निस्किएको भनेपछि शान्ति सुरक्षाको दृष्टिकोणले बन्द गराएको कुरा आएको छ । नेपालको सिस्टम नै ब्लक गरिदिएको छ । अरु देशको एप्लाइ गर्दा भइरहेको छ,' उनले भने ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले युएईका लागि भिसा आवेदन दिँदा 'रिजेक्ट' (अस्वीकृत) भएको बताए । आफूले मंगलबार एप्लाइ गरेका सबै भिसाहरू अस्वीकृत भएको उनको भनाइ छ । 'मंगलबार जति पनि एप्लाइ गरेको सबै भिसा रिजेक्ट भयो । भिसा आइसकेकोहरू पनि अब पुलिस रिपोर्ट लिएपछि मात्र जान पाउँछन् । खुलिसकेपछि नयाँ एप्लाई गर्नेहरूका लागि पनि वैदेशिक रोजगार विभागले पुलिस रिपोर्ट नलिई श्रम स्वीकृति दिँदैन अब,' अध्यक्ष पाण्डेले भने । हाल साउदी अरेबिया, ओमान, बहराइनलगायतका मुलुक जान पुलिस रिपोर्ट अनिवार्य गरिएको छ । युएईमा भने केही वर्षयता पुलिस रिपोर्टविनै जाँदै आएका थिए । अब भने अनिवार्य गरिने जानकारी दिइएको छ ।

देशमा जुन घटनाक्रम भयो, ती घटनाक्रममा जेलमा रहेका कैदीबन्दीहरु निस्किएको भनेपछि शान्ति सुरक्षाको दृष्टिकोणले बन्द गराएको कुरा आएको छ । नेपालको सिस्टम नै ब्लक गरिदिएको छ ।

■ **देवकुमार खोखाली**
द्वितीय उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

संघका द्वितीय उपाध्यक्ष खोखालीका अनुसार भिजिट भिसालाई युएईको प्रमुख आर्थिक स्रोत मानिन्छ । तर गएको सोमबारबाट नेपाली नागरिकका लागि भिजिट बन्द गरिएको छ । लगत्तै वर्किङ भिसा पनि बन्द गरिएको छ । यस विषयमा आधिकारिक सूचना नआए पनि व्यवसायीहरूले विभिन्न स्रोतबाट उक्त जानकारी पाएको खोखालीले बताए ।

नेपाल सरकारले भागेका कैदीहरूलाई समाति सक्यौं भन्ने समाचार अन्तर ाष्ट्रियरूपमा नदिएसम्म खुल्ने सम्भावना न्यून रहेको उनले बताए ।


क्रमशः पृष्ठ २ मा


**नागरिक अगुवाको नजरमा सरकारको जिम्मेवारी**

# निर्वाचन, सुशासन र न्यायिक छानबिन

■ **नारायण न्यौपाने/ प्रकाश सिलवाल**

**काठमाडौं–** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई प्राप्त कार्यादेशअनुसार निर्वाचनलाई केन्द्रमा राखेर काम सुरु गरिसकेकी छन् । गत भदौ २३ र २४ गते भएको जेन-जी समूहको प्रदर्शन र त्यसबाट उत्पन्न परिस्थितिमा गठित कार्की नेतृत्वको अन्तरिम सरकारको काँधमा शान्ति सुरक्षा कायम गर्दै प्रदर्शनका क्रममा भएको जनधनको क्षतिको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने अर्को महत्त्वपूर्ण दायित्व पनि छ ।

त्यसो त प्रदर्शनका क्रममा उठाइएको भ्रष्टाचारको अन्त्य, सुशासन कायम र युवापुस्ताको सोचलाई राज्यका अंगमा प्रतिविम्बित गरेको अनुभूति पनि यो सरकारले दिलाउनुपर्ने छ । जेन-जी समूहको प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई गत भदौ २७ गते प्रधानमन्त्रीमा पदमा नियुक्त गरेका थिए । सोही दिन प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरेका थिए ।

मिति घोषणासँगै निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ भने प्रधानमन्त्री कार्कीले आफू नेतृत्वमा चार सदस्यीय मन्त्रिपरिषद् विस्तार पनि गरिसकेकी छन् । जसअनुसार हाल अर्थ मन्त्रालयको जिम्मेवारी पूर्वअर्थसचिव रामेश्वर खनाले पाएका छन् भने नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँगै भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । साथै, गृह र कानुन मन्त्रालयको जिम्मेवारी अधिवक्ता ओमप्रकाश अर्यालले सम्हालिसकेका छन् ।

नागरिक क्षेत्रका अगुवा एवं बुद्धिजीवीले सरकारका आगामी प्राथमिकता र प्राप्त कार्यभारबारे मूलतः तिनै कुराहरूलाई जोड दिएको छ ।


क्रमशः पृष्ठ २ मा




सरकारको मुख्य जिम्मेवारी चुनाव सम्पन्न गर्नु हो । त्यसबाहेक दैनिक प्रशासनिक कामसँगै किसानलाई मलदेखि जनतालाई नुनसम्म उपलब्ध गराउनुपर्ने जिम्मेवारी पनि छ ।

■ **प्रा. केदारभक्त माथेमा**
शिक्षाविद्



यो सरकारले भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट कार्यादेशसहितको बेग्लै र अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ ।

■ **मोहना अन्सारी**
अधिकारकर्मी

पृष्ठ १ बाट क्रमशः

## नौ हजार...

यही मौका छोपेर सुरुमा रवि निस्किए । त्यसपछि देशका अन्य कारागारबाट कैदीबन्दीमात्रै होइन, बालबिज्याइकर्ताहरू पनि फरार भए । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार दुई दिनमा २७ वटा कारागारबाट १४ हजार ५५५ जना फरार भएका थिए । त्यसमध्ये ६४ जना बालबिज्याइकर्ता थिए । फरार भएकाहरूलाई सम्पर्कमा आउनू भनी २६ भदौमा कारागार व्यवस्थापन विभागले सूचना जारी गर्‍यो । सूचनामा चेतावनीपूर्ण भाषा पनि भनियो, 'अन्यथाः कारागार ऐन २०७९ र प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।'

सूचनापछि पाँच हजार ४३४ जना फरार भएका कैदीबन्दी फर्किएका छन् । बाँकी नौ हजार १२१ जना कहाँ छन् भन्ने अत्तोपत्तो छैन । विभागका निर्देशक न्यौपानेले भने, 'प्रहरी र अध्यागमनसँग समन्वय गरेर फरार भएकाहरूलाई पक्राउ गर्ने क्रम जारी छ । कतिपय सूचना ढिलो थाहा पाएर फर्किँदै छन् ।' देशभरका कारागारहरूमा ३० हजार ६३४ जना कैदीबन्दी छन् । त्यसमध्ये बाल सुधारगृहमा एक हजार ६२२ जना छन् । फरार हुनेमा १३ हजार ५९१ जना कैदीबन्दी र बाँकी ६४ जना बिज्याइकर्ता हुन् । उनीहरूको खोजी र पक्राउ प्रहरीका लागि यतिबेला टाउको दुखाइ बनेको छ ।

यसरी कारागार नै रित्तिनेगरी कैदीबन्दीहरू फरार हुनुमा रास्वपा सभापति लामिछानेलाई मुख्य जिम्मेवार ठानिएको छ । सार्वजनिक रूपमै उनीमाथि प्रश्न उठ्यो । जेन-जी आन्दोलनकै एउटा समूहले रविलाई निकाल्न आन्दोलन नभएको जनायो । अदालतमा मुद्दा विचाराधीन छँदै निस्केर विधिको शासनलाई रविले चुनौती दिएको अर्थमा टिप्पणी भयो । कतिसम्म भने उनलाई कारागार फर्काउन दबाब दिन 'मस्ट वान्टेड क्रिमिनल' लेखेको तस्बिर नै टाँस्ने काम भयो । यसपछि रविमाथि चौतर्फी दबाब बढ्यो । अन्ततः रवि कारागार फर्किए ।

तर, उनी निस्किएपछि फरार भएका नौ हजारभन्दा बढी कैदीबन्दी अझै कारागार फर्किएका छैनन्, जसकारण अपराधपीडितहरूमा न्याय नपाइने हो कि भन्ने चिन्ता थपिएको छ । उसो त कैदीबन्दीलाई रोक्न प्रहरीले गोली नचलाएको होइन । गोली चलाउँदा १० जनाको मृत्यु भयो । रामेछापमा तीन जना, धादिङमा दुई जना र बालसुधार केन्द्र बाँकेमा पाँच जनाको ज्यान गयो । केही घाइते छन् । तर, रवि अगुवा भएर कारागारबाट निस्किँदा देशभरबाट फरार हुने 'ट्रेण्ड' नै बन्यो ।

■■■

## मन्त्री घिसिङको...

'मन्त्रीले दुई दिनभित्रै सडक खोल भन्नुभएको रहेछ । पानी नपर्दा खुल्ने, परेपछि बन्द हुने त अहिले पनि भइरहेकै हो,' उनले भने, 'यसलाई दीर्घकालीनरूपमा खोल्नुपर्ने अहिलेको आवश्यकता हो ।' उनका अनुसार करिब ३५ मिटर सडक निकै जोखिमपूर्ण रहेको छ । भूकम्पपछि भोटेकोशी खोलाले तानेको उक्त सडक माथितिर खोस्रिए बस्ती नै जोखिममा पर्ने देखिन्छ । यो सडकमाथि करिब ८६ घरधुरी बसोबास गरिरहेका छन् । यसैले सडक दीर्घकालीनरूपमा बलियो बनाउन खोलाको सतहबाट उठाएर ल्याउनुपर्ने अध्यक्ष शेर्पा बताउँछन् ।

सरकारले तातोपानी नाकाबाट चालु आर्थिक वर्ष २३ अर्ब रकम राजस्व उठाउने लक्ष्य राखेको छ । तर दसैंको मुखमा वर्षा जारी रहँदा काठमाडौं आउन तयार भएका एक हजार ७०० भन्दा बढी ट्रक र कन्टेनर खासामा रोकिएका छन् । राज्यलाई अर्बौं राजस्व दिने नाकामा ३५ मिटर सडक बनाउन सरकारले कञ्जुस्याइँ गरेको गाउँपालिका अध्यक्ष शेर्पा बताउँछन् । एक अर्ब रूपैयाँ रकम भए सडक बलियो बन्ने उनको भनाइ छ । 'यही सडकका कारण ८६ घरधुरी पनि जोखिममा छ । यो बस्ती जोगाउनेगरी सडक खोलैबाट उठाउन एक अर्ब रूपैयाँ लाग्ने देखिन्छ । २३ अर्ब रूपैयाँ राजस्व उठ्ने नाकाका लागि सरकारले यति पनि खर्च गर्न नसक्दा सडक नियमित हुन नसकेको हो,' शेर्पाले भने । दीर्घकालीन समाधानका लागि ग्याबिन पर्खाललगायतका संरचना निर्माण गर्ने र नयाँ डिजाइनअनुसार काम गर्ने विषयमा पनि छलफल भइरहेको उनले बताए ।

विभागका उपमहानिर्देशक प्रभात झाले बिहीबार महानिर्देशक जैसी तातोपानी पुगेपछि यसको विस्तृत खाका आउने बताए । 'मन्त्रीज्यूले कोदारी क्षेत्रको सडकको ब्रिफिङ लिएर दुई दिनभित्र सडक खुलाउनू भन्नुभएको छ । आवश्यक परे मन्त्रीज्यू आफैं कोदारी जानेसमेत भन्नुभएको छ,' झाले भने । दसैंमा सामान रोकिँदा व्यवसायमा असर पर्ने भन्दै मन्त्री घिसिङले तत्काल सडक खुलाउन निर्देशन दिएको उनका सचिवालय सदस्य सचिन गौतमले बताए । 'दसैंको बेलामा यसरी नाका बन्द गर्नु हुँदैन, तुरुन्तै यो जसरी हुन्छ खोल्नुपर्छ भन्ने उहाँको निर्देशन छ,' गौतमले भने । गत साउन १८ गतेदेखि अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको कोदारी खण्डमा पहिरोले सडक पूर्णरूपमा अवरुद्ध बनेको थियो । सडक डिभिजन चरिकोटले मर्मत गरी गत भदौ ५ गते एकतर्फी सञ्चालनमा ल्याएको थियो । तीन दिन (भदौ ५ देखि ८ गतेसम्म) मात्र सञ्चालनमा आएको यो सडक अहिले वर्षाका कारण पूर्णरूपमा बन्द छ ।

■■■

## जेन-जी आन्दोलनपछि...

अन्य गन्तव्य मुलुकहरूले पनि श्रमिक नलग्ने सम्भावना रहेको उनको भनाइ छ ।

### व्यवसायी र श्रमिक प्रभावित

युएईले नेपाली नागरिकका लागि भिसा रोक्का गरेसँगै युएईमा कामदार पठाउँदै आएका वैदेशिक रोजगार व्यवसायी र युएई जाने तयारीमा रहेका कामदारहरू प्रभावित बनेका छन् । व्यवसायीहरूका अनुसार ८० हजारभन्दा बढी युवा युएई जाने प्रक्रियामा रहेका छन् । युएईले भिसा रोकेपछि उनीहरूको युएई यात्रा अनिश्चित बनेको छ ।

हाल सक्रिय रूपमा काम गरिरहेका एक हजारभन्दा बढी म्यानपावर कम्पनीमध्ये युएईमा मात्रै कामदार पठाउने ३०० को हाराहारीमा रहेको एकता समितिका अध्यक्ष पाण्डे बताउँछन् । सबैभन्दा बढी श्रमिक पठाउने म्यानपावरहरूको मुख्य गन्तव्य मुलुक युएई नै रहेको उनको भनाइ छ । 'व्यवसायीलाई यसबाट ठूलो क्षति भएको अवस्थामा पनि तत्काल समस्या सुनिदिने कुनै निकाय छैन,' पाण्डेले भने, 'यसले व्यवसायीलाई एकदमै समस्यामा पर्छ । त्यसकै छलफलमा व्यवसायीहरू जुटेका छौं । तर अब युएई खोल्न पर्छ भनेर कसलाई भन्ने ?'

युएई पछिल्लो समय नेपालीहरूको प्रमुख रोजाइको रोजगार गन्तव्य बन्दै आएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा धेरै दुई लाख ७४ हजार ५९० जना रोजगारीका लागि युएई गएका थिए । त्यसअघि आव २०८०/८१ मा एक लाख ९३ हजार ४३८ जना गएको तथ्यांक छ ।

■■■

## निर्वाचन...

उनीहरूले जेन-जी समूहले शान्तिपूर्ण रूपका गरेको प्रदर्शनमा कसरी घुसपैठ भयो र कसरी जनधनको क्षति भयो भन्ने निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग पनि गरेका छन् ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् प्रा. केदारभक्त माथेमाले नयाँ सरकारको मुख्य जिम्मेवारी आगामी फागुन २१ मा चुनाव सम्पन्न गराउनु रहेको बताए । 'सरकारले दैनिक प्रशासनिक काम त गर्नैपर्छ, किसानलाई मलदेखि जनतालाई नुनसम्म उपलब्ध गराउनुपर्ने कामको जिम्मेवारी पनि छ,' उनले भने, 'त्यसबाहेक प्रदर्शनका क्रममा ध्वस्त भएका संरचनाको पुनर्निर्माणका लागि स्रोत जुटाउन वैदेशिक समुदायलाई आग्रह गर्नुपर्छ ।' उनले सरकारले मानवीय र भौतिक क्षतिप्रति निष्पक्ष न्यायिक आयोग बनाएर छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने पनि बताए । 'विगतमा यस्ता आयोग गठन भए पनि कारबाही नभएको अवस्था थियो, अहिलेको घटनामा केही फुटेज पनि बाहिर आएकाले कारबाही गर्न सजिलो छ,' उनले भने ।

उनले भ्रष्टाचार अन्त्य र सुशासन जेन-जीहरूको ठूलो मुद्दा भएकाले यसमा पनि वर्तमान सरकारले काम गर्नुपर्ने भएकाले नयाँ सरकारको टेबलभरि काम नै काम भएको बताए । शिक्षाविद् माथेमाले पछिल्लो परिस्थितिपछि मानिसमा एकप्रकारको निराशा र त्रास छ बढेको उल्लेख गरे । 'सिंहदरबार, सर्वोच्च अदालत जलेका छन्, मानिसमा शान्ति र सुव्यस्थाका सम्बन्धमा प्रश्न उठेको छ, शान्ति सुव्यवस्थालाई ठीक ठाउँमा ल्याउन प्रहरीको मनोबल बढाउनुपर्छ । उनीहरूको काम गर्ने, बस्ने खाने ठाउँ नै छैन । त्यसकारण मनोबल बढाएर काम गर्ने वातावरण बनाउनुपर्छ,' उनले भने ।

बुद्धिजीवी मल्ल के सुन्दर पनि यो सरकारको मूल दायित्व तोकिएको समयमा निर्वाचन गराउनु भएको बताउँछन् । युवाको आन्दोलनका क्रममा उठेको आवाज भ्रष्टाचारविरुद्ध सुशासनका कुरालाई सरकारले छाड्न नहुनेमा जोड दिँदै उनले मानवीय र भौतिक क्षतिमाथिको छानबिनलाई प्रधानमन्त्री कार्की र मन्त्रिपरिषद् प्रतिबद्ध देखिएकाले त्यसअनुसार काम हुनेमा विश्वास व्यक्त गरे । राजनीतिक दलसँग आबद्ध नभएका सक्षम, अनुभवी, जेन-जीका प्रतिनिधि र स्वतन्त्र व्यक्तिलाई समेटेर समावेशीताका आधारमा सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने प्रधानमन्त्री कार्कीको घोषणालाई उनले सकारात्मक रूपमा लिनुपर्ने बताए ।

राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी भ्रष्टाचारको अन्त्य र विधिको शासनको मुद्दाका आधारमा जेन-जी समूहको प्रदर्शनबाट सरकार स्थापित भएकाले त्यो मुद्दा यसको मुख्य प्राथमिकता भएको बताउँछिन् । 'मुलुकमा भ्रष्टाचार नियन्त्रण हुनुपर्छ । युवापुस्ताको भविष्य सुनिश्चित हुनुपर्छ । उनीहरूले स्वदेशमै अवसर पाउनुपर्छ । विदेश जान बाध्य हुने अवस्था अन्त्य हुनुपर्छ,' अधिकारकर्मी अन्सारीले भनिन्, 'यो सरकारले भ्रष्टाचार नियन्त्रणका लागि स्पष्ट कार्यादेशसहितको बेग्लै र अधिकारसम्पन्न आयोग गठन गर्नुपर्छ ।'

उनले निर्वाचनका लागि राजनीतिक दल र सरोकार भएका पक्षसँग नियमित छलफल र परामर्श गरी निर्वाचनको वातावरण बनाउन पनि सरकार लाग्नुपर्ने बताइन् । जोखिममा परेको शान्तिसुरक्षाको अवस्थालाई सामान्यीकरण गर्दै लानुपर्नेमा पनि जोड दिइन् । ठूलो संख्यामा कैदीबन्दीहरू कारागारबाट फरार रहेकाले त्यसले समाजमा असुरक्षा निम्त्याउनसक्ने खतरालाई सम्बोधनको सन्देश दिने र सुरक्षाकर्मीको मनोबल उच्च बनाउने काम गर्न पनि सुझाव दिइन् । यस्तै व्यापार व्यवसाय र लगानीकर्ताको मनोबल वृद्धि गरी वातारण निर्माण गर्न आग्रह गर्दै उनले निर्वाचन सहजरूपमा सम्पन्न गर्न प्रहरी र सम्बन्धित सबैको मनोबल बढाइ मानवअधिकार र विधिको शासन कायम गर्न पनि उनको आग्रह छ । *रासस*

## असोज ७ र ८ मा कक्षा १२ को मौका परीक्षा

**भक्तपुर (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को पूरक परीक्षा असोज ७ र ८ गते सञ्चालन गर्ने भएको छ । यसअघि भदौ २८ र २९ गते सञ्चालन गर्नेगरी तालिका सार्वजनिक गरे पनि देशको वर्तमान अवस्थाका कारण परीक्षा तालिका संशोधन गरी बोर्डले नयाँ तालिका सार्वजनिक गरेको हो ।

बोर्डले असोज ७ गते अनिवार्य अंग्रेजी (००४१), एक विषयको मात्र परीक्षा दिने परीक्षार्थीका लागि सबै विषय र दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको सानो कोड नम्बर भएको विषय अर्थात् अनिवार्य अंग्रेजी र अनिवार्य नेपाली दुवै विषयका (पूरक) परीक्षामा सहभागी हुने परीक्षार्थीले पहिलो दिन अनिवार्य अंग्रेजी (००४१) र दोस्रो दिन अनिवार्य नेपाली (००२१) को परीक्षा दिनुपर्ने तालिका सार्वजनिक गरेको छ ।

त्यसैगरी, असोज ८ गते दुई विषयमा परीक्षा दिने परीक्षार्थीका लागि आफूले परीक्षा दिने विषयमध्येको ठूलो कोड नम्बर भएको विषयको परीक्षा सञ्चालन हुने छ । त्यस दिन अनिवार्य अंग्रेजी (००४१) विषयको परीक्षा भने सञ्चालन हुने बोर्डले जनाएको छ । बोर्डले यसअघि नै परीक्षा केन्द्र निर्धारण गरिसकेको जनाएको छ ।

## मानिस हरायको सूचना

मितिः २०८२/०६/०२



उपरोक्त सम्बन्धमा हामी निवेदकहरु धनकुटा जिल्ला साविकको हात्तिखर्क वडा नं. २ को हाल परिवर्तित छथर जोरपाटी गा.पा. वडा नं. १ बसोबास गर्ने सामान्य खेती किसानी गरी आएका सामान्य परिवारका व्यक्ति हौं । हाम्रो परिवारमा म मेरी पत्नी अनिता कुमारी राई छोरी एलिना लिम्बु समेत गरी ५ जना एका संगोलको परिवारमा बसोबास गरी आएका छौं । यसै क्रममा मिति २०७७/१२/११ गतेका दिन मेरी छोरी एलिना लिम्बु बजार जान्छु भनी घरबाट एका बिहानै हिंडेकोमा बेलुकासम्म पनि छोरी घरमा नआए पश्चात कतै साथीकोमा गएकी होलिन् भनी कतै पनि केही नभनी बसिरहेको थिएँ । तर २ दिनसम्म पनि छोरीको खबर नआए पश्चात मैले निजको मोबाइल नम्बरमा सम्पर्क गर्दा फोन नलागी फोन अफ आएकोमा छिमेकीले तिम्री छोरीलाई संखुवासभा तिरको केटासँग भागी अरे, हाम्रो टोलको नाकै काटी भनी सुनाएकोमा मैले समेत सोधिखोजि गरी सबैतिर बुझ्दा मेरी छोरी एलिनालाई संखुवासभा जिल्ला साविक जलजला वडा नं. ३ को हाल परिवर्तित पाँचखपन न.पा. वडा नं. ९ घर भई हाल काठमाडौ वस्ने विरेन्द्र राईले भगाएर लिएर गएका सुन्नमा आएको छ ।

निज विरेन्द्र राईले मेरो घर र परिवारको सहमति वेगर मेरो छोरीलाई भगाई लिएर गएको भन्ने सुन्नमा आएको हुँदा निज छोरीलाई बारम्बार फोन गर्दा समेत फोन नउठे पश्चात निज विरेन्द्र राईको फोन नम्बर पत्ता लगाएर फोन गरे पश्चात निजले मेरी छोरी भगाएर लिएर गएकोमा मेरी छोरी खोजतलास गरी मेरी छोरी भगाउने विरेन्द्र राईलाई कोही कसैले देख्ने तथा थाहा पाउनुहुने व्यतिहरुले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८६१११८३५२ मा खबर गरिदिनुहुन अनुरोध छ ।

गंगा बहादुर लिम्बु
अनिता कुमारी राई

# Thatikandh Rural Municipality
# Office of the Rural Municipal Executive
**Lakendra Dailekh**

## Invitation for Bids

**First Date of Publication: Sept -18, 2025 (2082/06/02)**

1. Thatikandh Rural Municipality (TRM), Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Contracts stated in table below and intends to apply part of the funds to cover eligible payments under the Contract for Bidding is open to all eligible Nepalese Bidders.
2. TRM, Dailekh invites sealed bids from eligible bidders for the construction of following projects stated in table, under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Thatikandh Rural Municipality Telephone No:- 9858060955 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may download the bidding document for E-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders who submitting their bids electronically, should deposit the cost (as specified below) of bidding document in the rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of Bank Deposit voucher shall be uploaded by the bidder at the time of Electronic submission of bids. To deposit the cost of bidding document in Bank:
   Office Name: Thatikandh Rural Municipality
   Bank Name: Kumari Bank Ltd.
   Account No.: 2730248885500008
   Bank Address: Thatikandh Rural Municipality Ward No. 6, Dailekh
   Office Code: 80667502300
   Rajaswa (Revenue) Shirshak No.: 14229
5. Electronic bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp on before 12:00 Noon October -19, 2025 (2082/07/02). Bids received after this deadline will be rejected.
6. Prebid meeting shall not be held .
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at October -19, 2025 (2082/07/02) at 14:00 Hours at the office of TRM, Dailekh. Bids must be valid for a period of 90 days after bid submission deadline and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of E-bid amounting to a minimum as specified in table as follows, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If a bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the name of the bank as below.
   Office Name: Thatikandh Rural Municipality
   Account Name: Dharauti Khata
   Bank Name: Kumari Bank Ltd.
   Bank Address: Thatikandh Rural Municipality Ward No. 6, Dailekh
   Account No.: 2730248885500004
   Office Code: 80667502300
   and the receipt voucher of the deposited amount of cash should be submitted along with the bids.
9. The summary of different Contracts are given below:

| S.N. | Contract Number | Contract Name | Estimate Amount With PS and Without VAT & Contingency | Bid Security (NRs) | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/ NCB/ DPSS/ 01/2082/083 | Dalkanedhunga Phulechaur Syaulekandh Sadak Nirman tatha Staronnati Yojana Ward No. 5 | 1,69,01,264.96 | 5,00,000.00 | 3000.00 |

**Chief Administrative Officer**


**साउदीमा रोजगार** कम्पनी : Arab Refractories and Contracting Company Limited

पूर्व स्वीकृति मिति : २०८१/०१/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०१ LT. No. 304012 चलानी नं.६०२१९२२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SIX FORCE ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०१ LT. No. 324269 चलानी नं. ६०२३८२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**साइप्रसमा रोजगार** कम्पनी : S. MERK. ENTERPRISES LTD. शेवा शुल्क: ९०,०००

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ LT. No. 327070 चलानी नं. ६०२४१०३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 15 | 10 | 700 | १,१६,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DANA & THOMAS (CYPRUS) SERVICES LTD. शेवा शुल्क: ५५,०००

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/०१ LT. No. 320484 चलानी नं. ६०२३४६६० 

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 20 | 400 | ६६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd. श्रम ईजाजत नं. ४४१/०६०/६१
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : ALGHAZAL ALSAREA EXPRESS CONSUMABLE ORDER DLIVERY SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ LT. No. 331142 चलानी नं. ६०२४४९४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 52 | 0 | 140 | ६४,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनका क्रममा मृत्यु भएकाहरूको सम्झनामा बुधबार काठमाडौंको नयाँ बानेश्वरस्थित संघीय संसद् भवन अगाडि दीप प्रज्ज्वलन गरिँदै । *तस्बिरः एपी*

# तीन मन्त्रीले गरे क्षतिग्रस्त संसद् भवनको निरीक्षण



**काठमाडौं (प्रस)**– जेन-जी प्रदर्शनका क्रममा आगलागी भइ क्षतिग्रस्त संघीय संसद् भवनको बुधबार तीन मन्त्रीले निरीक्षण गरेका छन् । अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक योजना तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ र गृह तथा कानुनमन्त्री ओमप्रकाश अर्यालले क्षतिग्रस्त भवन निरीक्षण गरेका हुन् ।

निरीक्षण गर्दै अर्थमन्त्री खनालले भवनलाई पुरानै स्वरूपमा निर्माण गरिने बताए । 'प्रदर्शनकारीको आगजनीबाट क्षतिग्रस्त यो भवन पुरानै स्वरूपमा निर्माण गरिने छ,' उनले भने ।

अर्का मन्त्री घिसिङले आगामी पुससम्म सिंहदरबार परिसरमा निर्माणाधीन संसद् भवन निर्माण सम्पन्न हुने र त्यहीँ संसद्को बैठक बस्ने बताए । जेन-जी प्रदर्शनका क्रममा संघीय संसद् भवन पूर्णरूपमा जलेर ध्वस्त भएको छ । प्रदर्शनमा तीन नेपाल प्रहरीसहित मृत्यु हुनेको संख्या बुधबारसम्म ७४ पुगेको छ ।

# चाडपर्वलाई लक्षित गरी उपत्यकाका १५ स्थानमा यात्रु सहायता कक्ष

**काठमाडौं (प्रस)**– नजिकिँदो चाडपर्वमा उपत्यका बाहिर जाने यात्रुको सहजतालाई लक्षित गरी ट्राफिक प्रहरीले काठमाडौं उपत्यकाको १५ स्थानमा यात्रु सहायता कक्ष स्थापना गर्ने भएको छ ।

ट्राफिक प्रहरीले सिप्रदी र नाडाको सहयोग तथा काठमाडौं महानगरपालिकाको सहकार्यमा काठमाडौं उपत्यकाभित्रका यात्रु सहायता कक्ष स्थापना गर्न लागेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनका अनुसार नयाँ बसपार्क, नागढुंगा, कलंकी, स्वयम्भू, हलचोक, माछापोखरी, चावहिल, तिलगंगा, कोटेश्वर, जगाती, सातदोबाटो, बल्खु, दक्षिणकाली, सुन्धारा र साँगामा यात्रु सहायता कक्ष स्थापना गर्न लागिएको हो । उक्त स्थानको यात्रु सहायता कक्ष आजदेखि सञ्चालनमा आउने छ ।

'यात्रुको सहज आवतजावत, सवारी चाप व्यवस्थापन तथा चाडपर्वलाई दुर्घटनारहित बनाउने उद्देश्यले यातायात व्यवसायीको सहभागितामा यात्रु सहायता कक्षको स्थापना गर्न लागिएको हो,' उनले भने ।

यात्रु सहायता कक्षमा खटिएको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र व्यवसायीसहितको टोलीले तोकिएको भाडादरभन्दा बढी भाडा लिए-नलिएको, लामो दूरीका सवारीसाधनमा दुईजना चालक भए-नभएको जाँच गर्ने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए ।

यस्तै, यात्रु सहायता कक्षले प्रत्येक टिकट काउण्टरमा भाडादर टाँस्न लगाउने छ । सवारीसाधनको क्षमताभन्दा बढी यात्रु राख्ने, टिकटमा कालो बजारी गर्ने र यात्रुलाई गन्तव्यमा नपुऱ्याई बाटोमै अलपत्र पार्नेजस्ता कार्यको निगरानी गरिने ट्राफिक प्रहरीले जनाएको छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले इन्डिया र चाइनाबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| S.N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Induction Cooktop | KONKA | KE03IND | India | PCS | NPR | 2000 W | 35,000 | |
| 2 | Infrared Cooktop | KONKA | KE05INF | India | PCS | NPR | 2000 W | 32,000 | |
| 3 | Refrigerator | KONKA | KRDF210 GRF/GBF | India | PCS | NPR | 210 ltr | 26,000 | |
| 4 | Refrigerator | KONKA | KRDF235 GRF/GBF | India | PCS | NPR | 235 ltr | 27,000 | |
| 5 | Refrigerator | KONKA | KRDF250 GRF/GBF | India | PCS | NPR | 250 ltr | 30,250 | |
| 6 | Refrigerator | KONKA | 10KCLSH | India | PCS | NPR | 100 ltr | 16,000 | |
| 7 | LED TV | KONKA | KE32MS2024 | India | PCS | NPR | 32 Inch | 17,000 | |
| 8 | LED TV | KONKA | KUHD55MS2025 | India | PCS | NPR | 55 Inch | 70,000 | |
| 9 | Airconditioner | CHIGO | CS-35V3G-NP | China | PCS | NPR | 1 ton | 50,000 | |
| 10 | Airconditioner | CHIGO | CS-35H3A-NP | China | PCS | NPR | 1 ton | 40,000 | |

बिक्रेताको फर्मको नामः Saurabh Photo International — स्थायी लेखा नं: 300050271

ठेगानाः Neupane Tower, Tinkune, Subidhanagar — फोन नं: 01-4111630



## कतारमा रोजगार

कम्पनी : IMPRESS BUILDING MAINTENANCE AND CLEANING W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331210 | चलानी नं. ६०२४४९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ADMIN SUPERVISOR | 1 | 0 | 2500 | ९६,३०७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Supervisor | 1 | 0 | 2500 | ९६,३०७ | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३८,५२३ | | | | | | | |
| 4 | Receptionist | 0 | 1 | 1500 | ५७,७८५ | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2200 | ८४,७५० | | | | | | | |
| 6 | SECRETARY | 0 | 1 | 2200 | ८४,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा रोजगार

कम्पनी : ESAD FOR HUMAN RESOURCES SOLUTIONS & MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331196 | चलानी नं. ६०२४४९४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 15 | 0 | 2000 | ७४,७८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cutting paper operator | 3 | 0 | 2000 | ७४,७८५ | | | | | | | |
| 3 | Kitchen Helper | 20 | 0 | 1000 | ३७,३९३ | | | | | | | |
| 4 | Landscaper | 3 | 0 | 1000 | ३७,३९३ | | | | | | | |
| 5 | Loaders | 10 | 0 | 1000 | ३७,३९३ | | | | | | | |
| 6 | Office Cleaner | 20 | 0 | 1000 | ३७,३९३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ६१९/०६३/०६४

Nasser Outsourcing Consultants Pvt. Ltd.

Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १४७ असोज १ गते २०८२ मा प्रकाशित **Octopus Recruitment Pvt.ltd** को Lot No. 329291 को Stargate Building Solutions LLC को विज्ञापनमा **युएइमा रोजगार** तथा Cleaner General को मासिक तलब (AED: 1000) ने.रु. ३८,१९० हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

OCTOPUS RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. ८५९/०६७/०६८

Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal,
Tel : 1-4790666/ 01-4790655, Email: octopusre@gmail.com
Web: www.octopusrecruitment.com



**Time Extension Notice**

**Glacier Hydro Pvt. Ltd.**

IFB No: UDSHP/082/83-01

Addendum-1

| Existing Statement |
|---|
| The deadline for bid submission is Date: 18th September 2025 |
| **Amended as** |
| The deadline for bid submission is Date: 23rd September 2025 |



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/०२**

**टिसा एग्रो फार्म प्रा.लि.**को मिति २०८२/०५/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट किनमेल प्रा.लि. (प्रा.लि नं. ९३०१७)** कायम गर्ने गरी मिति २०८२/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/०२ गते**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फार्म ईट** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वृक्षालय डिजाइन (दर्ता नं. २१३१६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०८०/०६/१४ मा दर्ता भएको यस **गुम्पु फाउण्डेसन (मु.वि.नगर्ने)** (दर्ता नं.३२०५१९) लाई मिति २०८२/०५/३१ गते बसेको विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनीप्रति कसैको कुनै प्रकारको आर्थिक लगायतको दावी भएमा आजको मितिले **३५ दिन**भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनी यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउँदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर)**
सन्तोष राना मगर (इजाजत नं.१६५)
का.म.न.पा.२९, काठमाडौं, (सम्पर्क नम्बर ९८१३२४४६५५)



# Sunchhahari Rural Municipality
# Office of Rural Municipal Executive
### Pobang, Rolpa

## Invitation for E-Bids

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**
**(Date of Publication: 17-09-2025, 10:00 am)**

1. Office of Sunchhahari Rural Municipality, Pobang,Rolpa, invites electronic bids from eligible bidders for the construction of Following Project for, under National competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa ,Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Information to deposit the cost of bidding document in Bank:
   - **Name of the Bank;** Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa
   - **Name of the Office:** Sunchhahari Rural Municipality, Pobang, Rolpa
   - **Office Code No:** 801055409
   - **Office Account Name &No:** GA 1.1 ANTARIK RAJASWA KHATA 43595241207004 (for Bid document fee)
   - **Dharauti Khata Name &No.:** GA.3 SUNCHHAHARI DHARAUTI KHATA 43525240600003 (for Bid Security)
4. Electronic bids must be submitted to the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal through PPMO websitewww. bolpatra.gov.np. on or before **17-10-2025 12:00**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **17-10-2025, 14:00**.at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa- Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid Security, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract ID | Contract Name | Estimated Amount (Excluding VAT) Rs. | Bid Security Rs. | Bid Fee Rs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/WORKS/ NCB/01/082-083 | Gothbang-Dangbang-Daangadhara Sadak Nirman Aayojana Sunchhahari Gaunpalika Ward No.1 & 2 | 8,414,504.72 | 245,000.00 | 3,000.00 | NCB |
| 2. | SRM/WORKS/ NCB/02/082-083 | Pandrapale Phurse Sirubang Baghtare Sadak Nirman Aayojana | 4,811,880.48 | 140,000.00 | 3,000.00 | NCB |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शीर्ष नेताको विश्राम अनिवार्य

पछिल्लो तीन दशक नेपाली राजनीति तीन शीर्ष नेताको वरपर घुमिरह्यो । पहिलो कांग्रेस सभापति शेरबहादुर देउवा, दोस्रो एमाले अध्यक्ष केपी शर्मा ओली र तेस्रो माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल । २०५२ बाट सुरु भएको जनयुद्ध रोकिएसँगै सबैभन्दा पहिले शक्तिमा आएका व्यक्ति हुन् माओवादी अध्यक्ष दाहाल । संविधानसभाको निर्वाचनपछि सबैभन्दा शक्तिशाली बनेका दाहाल लगातार तीनपटक प्रधानमन्त्री बनिसके । २०७९ को निर्वाचनपछि उनी कांग्रेस र एमालेको काँधमा चढेर पटक–पटक प्रधानमन्त्री बने ।

राजतन्त्र छँदै कांग्रेसबाट विद्रोह गरी प्रधानमन्त्री बनेका देउवा सबैभन्दा पाका नेताका रूपमा चिनिन्छन् । अघिल्लो निर्वाचनमा वाम गठबन्धनका कारण कमजोर बनेको कांग्रेसलाई देउवाले माओवादीसँग तालमेल गरी विघटित प्रतिनिधिसभामा पहिलो बनाउन सफल भए । उनी पाँचपटक प्रधानमन्त्री भइसकेका व्यक्ति हुन् । ओली यसरी नै चारपटक प्रधानमन्त्री बनिसकेका व्यक्ति हुन् । तीनै नेताले आफ्नो दल र शासनमा चरम शक्ति प्रयोग गरिसकेका छन् । उनीहरूले जनताबाट पाउनुपर्ने आदर पनि पाइसकेका छन् । यद्यपि, यही शक्तिको उन्मादमा पार्टीभित्रैका दोस्रो पुस्ताका नेताहरूले उनीहरूलाई विश्राम लिन आग्रह झन्झकाएकै हुन् ।

तर दोस्रो पुस्ताका नेताहरूको स्वर उनीहरूले सुन्नै चाहेनन् । अहिले यही स्वर जेन–जी पुस्ताले बुलन्द पारेका छन् । तीन नेताको 'म्युजिकल चियर' बनेको सत्ता खोस्ने प्रयास गरेका छन् । तीन नेताको रजगजका कारण संघीय लोकतान्त्रिक गणतन्त्रसमेत खतरामा पर्न थालेको छ । राजावादीहरू राजतन्त्रको पक्षमा उत्रिन सुरु गरेका छन् । अतिवादी धार्मिक अभियन्ताहरूको माग उस्तै छ । महँगी बढेका कारण देशको अर्थतन्त्र संकटमा फस्दै गएको छ । उत्पादन बढाउन सकेको छैन । युवाहरू रोजगारीका लागि विदेश जाने शिवाय देशमा आयातमात्र बढ्दो छ । यही युवाले भित्र्याउने रेमिट्यान्समा रमाएर बस्ने बानी पर्दा देशको हाल बेहाल भएको छ ।

यही कारण बेथिति मौलाएको छ । भ्रष्टाचार बढ्दो छ । नीतिगत भ्रष्टाचारदेखि चरम असन्तुष्टि फैलिएको छ । वैज्ञानिक विकासकै कारण संसारका अरु देशहरूले प्रगति गर्दा नेपाल गफको केन्द्र बनेको छ । यसको श्रेय पक्कै तीन नेतामा जान्छ नै । यसैले अहिले आक्रोश बढेको हो । अब शीर्ष दलका तीन शीर्ष नेताले यो कुरालाई मध्यनजर गर्दै विश्राम लिनु नै आजको पहिलो र उत्तम विकल्प हो ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# शिक्षाका सात आयाम



■ राजु योञ्जन तामाङ

शिक्षा केवल मस्तिष्कको कुरा होइन, हृदयको पनि कुरा हो । तर नेपालमा विद्यार्थीको भावनात्मक पक्षलाई सामान्यतया बेवास्ता गरिन्छ । विद्यार्थीहरूलाई परीक्षा तनाव, प्रतिस्पर्धा र सामाजिक दबाबले मानसिक स्वास्थ्यमा असर गर्छ । अहिले जीवनकौशल शिक्षा कार्यक्रममार्फत सहानुभूति, आत्मचेतना र लचिलोपनजस्ता विषयलाई अलिकति जोड दिइएको छ । तर शिक्षक तालिममा यो पक्ष अझै न्यून छ । यदि भावनात्मक शिक्षा पाठ्यक्रममा व्यवस्थित रूपमा समावेश गरियो भने विद्यार्थीको शैक्षिक उपलब्धिमात्र होइन, सम्पूर्ण जीवन नै सुदृढ हुने छ ।

*मनलाई शिक्षित गरेर हृदयलाई शिक्षित नगरेसम्म शिक्षा अधुरो रहन्छ । –**अरिस्टोटल***

कन्फ्युसियसले भनेका छन्- शिक्षाले आत्मविश्वास दिन्छ, आत्मविश्वासले आशा दिन्छ र आशाले शान्ति ल्याउँछ ।

शिक्षालाई शक्तिशाली हतियार मानिन्छ, जसले समाजलाई रूपान्तरण पनि गर्न सक्छ वा नष्ट पनि गर्न सक्छ । यसै प्रसंगमा फ्रेइरे (१९७०) ले शिक्षा प्रयोगको स्वरूपअनुसार मानिसलाई स्वतन्त्र पनि बनाउँछ, दमन पनि गर्छ भन्ने तर्क गरेका छन् । यसरी हेर्दा शिक्षा बहुमूल्य हीराजस्तै हो जसको प्रत्येक पाटो फरक-फरक आयामलाई प्रतिनिधित्व गर्छ- दार्शनिक, संज्ञानात्मक, सामाजिक, प्रविधिक, आलोचनात्मक, रूपान्तरणकारी र भावनात्मक ।

### दार्शनिक आयाम

शिक्षा केवल ज्ञान दिने कुरामात्र होइन, यसले जीवनलाई मूल्य, अर्थ र दृष्टिकोण दिन्छ । यसले मानिसलाई किन शिक्षा आवश्यक हो, शिक्षाले जीवनलाई कस्तो बनाउँछ भन्ने कुरामा गहिरो विचार गर्न लगाउँछ । युनेस्को (२०२३) ले शिक्षालाई 'मूलभूत मानवअधिकार र दिगो विकास, स्वास्थ्य र स्वतन्त्रताको आधार' भनेको छ । यसैगरी, डच्युी (२०१८) ले शिक्षा जीवनको तयारीमात्र नभई जीवन नै हो भनेका छन् । नेपाल सरकारले ल्याएको शिक्षा नीति (२०७६) ले पनि शिक्षा रोजगारका लागिमात्र नभई नैतिकता, संस्कृति र राष्ट्रिय पहिचान निर्माण गर्ने आधार हो भन्ने मान्यता दिएको छ । यसरी दार्शनिक दृष्टिकोणका आधारमा शिक्षाले मानिसलाई नैतिक मूल्य, जीवन दृष्टि र सामाजिक भूमिकाबारे आत्मअन्वेषण गर्न प्रेरित गर्छ ।

### संज्ञानात्मक आयाम

शिक्षा केवल तथ्य र ज्ञान जम्मा गर्ने प्रक्रियामात्र होइन, सोच्ने, तर्क गर्ने र प्रश्न गर्ने क्षमता विकास गर्ने साधन हो । डच्युी (१९१६) ले लोकतान्त्रिक समाजलाई बलियो बनाउन सोच्ने, प्रश्न गर्ने र विवेचना गर्ने विद्यार्थी आवश्यक छ भनेका छन् । त्यस्तै, फ्रेइरे (१९७०) ले शिक्षाले विद्यार्थीलाई समाजसँग आलोचनात्मक रूपमा संलग्न हुन सिकाउनुपर्ने उल्लेख गरेका छन् । तर, नेपालमा अझै पनि कक्षाकोठा परीक्षा केन्द्रित र रटन्ते अभ्यासले भरिएका छन् । धेरैजसो शिक्षक र अभिभावकको विश्वास छ कि रटन्ते अभ्यासले विद्यार्थीलाई बढी ज्ञान दिन्छ ।

यद्यपि, नेपालले क्षमताआधारित पाठ्यक्रम विकास गरेको भए पनि त्यसलाई व्यवहारमा लागू गर्न अझै कठिन छ । यसले देखाउँछ कि शिक्षा केवल ज्ञानमूलक नभई विवेकी, समस्या समाधान गर्न सक्ने र लोकतान्त्रिक चेतनायुक्त नागरिक बनाउनुपर्ने हो ।

### सामाजिक आयाम

शिक्षा सामाजिक सम्बन्ध निर्माण गर्ने प्रक्रिया हो । विद्यार्थी विद्यालयमा केवल किताब पढ्दैनन्, उनीहरू साथीहरूसँग सहकार्य गर्छन्, संवाद गर्छन्, विविधतालाई सम्मान गर्न सिक्छन् । भायगोत्स्की (१९७८) ले सिकाइलाई सामाजिक अन्तरक्रिया र सहकार्यसँग जोड्दै, शिक्षा संवाद र सहकार्यमार्फत सम्भव हुन्छ भनेका छन् । डच्युी (२०१८) ले पनि शिक्षा ज्ञानसँगै सामाजिकीकरणको प्रक्रिया हो भनेका छन्- मानिससँग मिलेर बस्न, सहयोग गर्न र एकअर्काको सम्मान गर्न सिकाउने ।

नेपालमा शिक्षा विविध जातीय, भाषिक र सांस्कृतिक समूहबीच सामाजिक एकता ल्याउने साधनका रूपमा प्रयोग हुँदै आएको छ । नेपालको संविधान (धारा ३१.५) ले मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । यद्यपि, नीतिस्तरमा विविधतालाई सम्मान गर्ने प्रयास भए पनि स्रोतसाधनको कमी, भौगोलिक अवरोध र कमजोर नेतृत्वका कारण यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । विद्यालयमा विद्यार्थीले केवल शैक्षिक विषयमात्र होइन, सामाजिक जीवन जिउने तरिका पनि सिक्छन् । यसरी शिक्षा समाजमा सहअस्तित्व र सहकार्यको अभ्यास गराउने आधार हो ।

### प्रविधिक आयाम

२१औं शताब्दीमा शिक्षा प्रविधिविना अपूर्ण छ । ओइसिडी (२०२४) ले डिजिटल सीपलाई शिक्षाको आधारभूत उद्देश्य भनेको छ भने श्यग (२०२५) ले भविष्यको शिक्षा प्रविधिमै आधारित हुने बताएका छन् । सबैले सम्झेको कोभिड-१९ महामारीले शिक्षा क्षेत्रमा ठूलो चुनौती ल्यायो । विद्यालय बन्द हुँदा विद्यार्थी घरमै थुनिनुपर्‍यो । तर, यसले नयाँ अवसर पनि ल्यायो- अनलाइन शिक्षा र डिजिटल पूर्वाधार विकासको आवश्यकता स्पष्ट भयो ।

नेपालमा अहिले सार्वजनिक विद्यालयहरूमा पनि कम्प्युटर, प्रोजेक्टर र इन्टरनेट सुविधा पुग्न थालेका छन् । केही विद्यालयमा स्मार्टबोर्ड प्रयोग गरेर डिजिटल सामग्री पढाइ भइरहेको छ । यसले केवल सिकाइलाई सहजमात्र बनाएको छैन, बरु सहर र गाउँबीचको शैक्षिक असमानता घटाउने सम्भावना पनि देखाएको छ । प्रविधिक आयामले शिक्षालाई समावेशी, आधुनिक र भविष्यमुखी बनाउन मद्दत गर्छ ।

### आलोचनात्मक आयाम

शिक्षाले विद्यार्थीलाई केवल ज्ञान दिनु हुँदैन, बरु प्रश्न गर्न, बहस गर्न र समस्यालाई आलोचनात्मक दृष्टिले विश्लेषण गर्न प्रेरित गर्नुपर्छ । बटेस (२०२५) ले असाइनमेन्ट, बहस, समस्या समाधान र वास्तविक जीवनका अभ्यासमार्फत आलोचनात्मक सोच विकास हुन्छ भनेका छन् । तर नेपालमा शिक्षक-विद्यार्थीबीचको पदानुक्रमले विद्यार्थीलाई प्रश्न गर्न हतोत्साहित गरेको छ ।

यदि आलोचनात्मक शिक्षण नेपालमा लागू गर्न सकियो भने विद्यार्थीले वैदेशिक रोजगारी, वातावरणीय संकट, संघीयता वा बेरोजगारीजस्ता सामाजिक मुद्दाबारे बहस गर्न सक्ने छन् । यसले विद्यार्थीलाई प्रश्न गर्न, नयाँ दृष्टिकोण विकास गर्न र लोकतन्त्रलाई बलियो बनाउन योगदान पुर्‍याउने छ ।

### रूपान्तरणकारी आयाम

शिक्षाले मानिसलाई मात्र होइन, समाजलाई पनि रूपान्तरण गर्ने शक्ति बोकेको छ । मिडियम (२०२४) ले शिक्षालाई समाज परिवर्तन गर्ने शक्तिशाली एजेण्ट भनेको छ भने ग्रीन (२०२२) ले शिक्षा, कल्पना र विचारहरूले व्यापक सामाजिक रूपान्तरण ल्याउन सक्छन् भनेका छन् ।

नेपालको इतिहासमै शिक्षाले रूपान्तरणकारी रूपमा कार्य गर्दै आएको छ । राणाकालमा शिक्षा सीमित वर्गका लागिमात्र थियो । उनीहरूको डर थियो कि जनता शिक्षित भएमा शासनको विरुद्धमा उठ्ने छन् । २००७ सालमा प्रजातन्त्र आएपछि विद्यालय स्थापना हुँदै गए र शिक्षा जनसाधारणसम्म फैलन थाल्यो । सुरुमा विद्यार्थीलाई पढ्ने ठाउँ र शिक्षकलाई पढाउने पूर्वाधारको कमी थियो । तर अहिले स्मार्टबोर्ड, इन्टरनेट र डिजिटल सामग्रीको प्रयोगले शिक्षणलाई सजिलो र प्रभावकारी बनाएको छ । यसरी शिक्षा समाजलाई निरन्तर रूपान्तरण गर्दै आएको छ ।

### भावनात्मक आयाम

शिक्षा केवल मस्तिष्कको कुरा होइन, हृदयको पनि कुरा हो । मुनीओज-ओलिभर (२०२२) ले भावनात्मक रूपमा दक्ष शिक्षकले विद्यार्थीको भावनात्मक आवश्यकतालाई सम्बोधन गर्न सक्ने बताएका छन् । प्याटी र स्टर्न (२०२५) ले भावनात्मक बुद्धिमताले नेतृत्व, स्थायित्व र सामूहिक कल्याण बढाउने बताएका छन् ।

तर नेपालमा विद्यार्थीको भावनात्मक पक्षलाई सामान्यतया बेवास्ता गरिन्छ । विद्यार्थीहरूलाई परीक्षा तनाव, प्रतिस्पर्धा र सामाजिक दबाबले मानसिक स्वास्थ्यमा असर गर्छ । अहिले जीवनकौशल शिक्षा कार्यक्रममार्फत सहानुभूति, आत्मचेतना र लचिलोपनजस्ता विषयलाई अलिकति जोड दिइएको छ । तर शिक्षक तालिममा यो पक्ष अझै न्यून छ । यदि भावनात्मक शिक्षा पाठ्यक्रममा व्यवस्थित रूपमा समावेश गरियो भने विद्यार्थीको शैक्षिक उपलब्धिमात्र होइन, सम्पूर्ण जीवन नै सुदृढ हुने छ ।

### निष्कर्ष

यसरी शिक्षा बहुमूल्य हीराजस्तै हो, जसका सात पाटो (दार्शनिक, संज्ञानात्मक, सामाजिक, प्रविधिक, आलोचनात्मक, रूपान्तरणकारी र भावनात्मक)ले मात्र यसको सम्पूर्णता सुनिश्चित गर्छन् । नेपालमा नीतिस्तरमा प्रगतिशील दृष्टिकोणहरू भए पनि कार्यान्वयनमा चुनौती रहँदै आएको छ ।

शिक्षाको सम्पूर्ण सम्भावना उपयोग गर्न शिक्षक तालिममा सुधार, सांस्कृतिक विविधताको सम्मान, र प्रविधिक पूर्वाधारमा लगानी गर्न आवश्यक छ । शिक्षा केवल व्यक्ति होइन, समाज रूपान्तरण गर्ने साधन हो भन्ने कुरा हृदयमा राखेर अघि बढ्नुपर्छ । महात्मा गान्धीले भनेजस्तै- भोलि मर्ने भएझैं जिउ, तर सधैं बाँच्ने भएझैं सिक ।

# नेपालमा नयाँ पुस्ताको नेतृत्व माग



■ प्रेमचन्द्र झा

नेपालको राजनीति अहिले यस्तो मोडमा पुगेको छ जहाँ युवाहरूले नेतृत्वको सवालमा कडा प्रश्न उठाएका छन् । पुराना नेताहरूले देशमा लोकतन्त्र ल्याएको भए पनि तिनको योगदानको सीमारेखा अब पूर्ण हुन थालेको संकेत जनताले दिएका छन् । राजनीतिको स्वाभाविक विकासक्रमअनुसार नेतृत्वमा पुस्तान्तरण अपरिहार्य हुन्छ । तर त्यो स्वाभाविकरूपले नभएमा जनदबाब, आन्दोलन र समयकै चक्रले त्यसो गराउँछ ।

नेपालको राजनीतिमा दशकौंदेखि जरा गाडेका नेताहरू- शेरबहादुर देउवा, केपी शर्मा ओली, माधवकुमार नेपाल र पुष्पकमल दाहाल अझै पनि राजनीतिको केन्द्रमा छन् । यिनै नेताहरू नेतृत्वमा रहँदा देशले लोकतान्त्रिक गणतन्त्र, संघीयता र समावेशी राजनीतिको अभ्यास गरेको भए पनि आजको दिनमा उनीहरूमाथि तीव्र आलोचना हुन थालेको छ । नयाँ पुस्ता, विशेषगरी जेन-जी वा अहिलेको जागरुक युवा पुस्ताले ती नेताहरूको राजीनामा माग गर्दै आन्दोलन गरिरहेका छन् । उनीहरूका अनुसार यी नेताहरूले नेपालमा सुदृढ लोकतन्त्र विकास गर्न असफल भएका छन्, जनताको चाहनाअनुसार शासन सञ्चालन गर्न सकेका छैनन्, र भ्रष्टाचार, स्वार्थ र सत्ताको लोभमा पुराना संरचनालाई जोगाइरहेका छन् ।

जेन-जी आन्दोलन एक स्वतःस्फूर्त र डिजिटल युगको आन्दोलन हो जसमा युवाहरूले सामाजिक सञ्जाल, सडक प्रदर्शन र सांगठनिक दबाबमार्फत परिवर्तनको आवाज उठाएका छन् । मुख्य मुद्दा भनेको पुराना नेताहरूको नेतृत्व असफल भएको र नयाँ पुस्तालाई अवरोध गरिएको हो । यस आन्दोलनमा उठाइएका प्रमुख मागहरूमा नयाँ पुस्तालाई राजनीतिक नेतृत्वमा अवसर दिनु, पुराना नेताहरूले स्वेच्छिक राजीनामा गर्नु, भ्रष्टाचारविरुद्ध कठोर कारबाही गर्नु, मानवअधिकार उल्लंघनको छानबिन गर्नु र नीति निर्माणमा युवा सहभागिता सुनिश्चित गर्नु रहेका छन् ।

तर यो आन्दोलन सहज बनेको छैन । केही स्थानहरूमा प्रदर्शनकारीहरूमाथि दमन गरिएको, सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको र युवाहरूको मौलिक अधिकार हनन भएका आरोपहरू छन् । कतिपय घटनामा गोली चलाइएको, धरपकड गरिएको र मानसिक दबाबका कारण आत्महत्यासमेत भएको बताइन्छ । यही आधारमा नेताहरूमाथि 'नरसंहार' जस्ता गम्भीर आरोपहरूसमेत लगाइएको छ ।

पुराना नेताहरूको नेतृत्वमाथि पनि व्यापक आलोचना हुँदै आएको छ । शेरबहादुर देउवाको पाँच कार्यकाल लामो भए पनि उनले आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्न सकेनन् । युवाहरूलाई अवसर दिन नसकेको, कमजोर प्रशासनिक नेतृत्व र भ्रष्टाचारका कारण उनी आलोचित छन् । केपी शर्मा ओलीले राष्ट्रवादी छवि बनाए पनि कार्यान्वयनमा कमजोरी, सत्ताकेन्द्रित सोच र अभिव्यक्तिमाथि अंकुशजस्ता कारणले उनीप्रति असन्तुष्टि बढेको हो । माधवकुमार नेपालले नयाँ पार्टी खोले पनि व्यवहारमा पुरानै राजनीतिक शैली दोहोरिएको देखिन्छ । उनको नेतृत्वले युवालाई खासै आकर्षित गर्न सकेको छैन । पुष्पकमल दाहालले कहिल्यै स्पष्ट दिशा दिन सकेनन् । युद्धकालीन विरासत र पछिल्ला सत्ता समीकरणका कारण उनको नेतृत्व बदनामको प्रतीक बनेको छ ।

युवाहरूको असन्तुष्टि धेरै गहिरो कारणमा आधारित छ । नेपाली राजनीतिमा स्थायित्वको अभाव, नीति निरन्तरताको कमजोरी र बारम्बार सरकार परिवर्तनले उनीहरूमा आक्रोश पैदा गरेको छ । भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता चरम सीमामा पुगेको छ । बेरोजगारी, कमजोर शिक्षा प्रणाली र अवसरको अभावका कारण युवाहरू विदेश पलायनमा लाग्न बाध्य छन् । यी सबै समस्याको मूल कारण उनीहरूले पुराना नेताहरूलाई मान्ने गरेका छन् । पार्टीहरूको संरचना अझै पनि पुरानै ढाँचामा चलेको छ, जहाँ ७० वर्ष नाघेका नेताहरू अझै पनि पार्टीका शीर्ष नेतृत्वमा छन् । यस्तो अवस्थामा युवा पुस्ताले आन्दोलनमार्फत नेतृत्व परिवर्तनको माग गरिरहेका छन् ।

तर, पुराना नेताहरू भने आफूलाई 'लोकतन्त्रका निर्माता' भनेर स्थापित गर्न खोजिरहेका छन् । उनीहरूले आन्दोलनलाई 'भावनात्मक प्रतिक्रिया', 'विदेशी प्रेरित' वा 'अराजक गतिविधि'का रूपमा चित्रण गर्ने प्रयास गरेका छन् । यद्यपि, कतिपय नेताहरूले नेतृत्व हस्तान्तरणको कुरा बोले पनि व्यवहारमा नयाँ अनुहारहरूलाई अगाडि ल्याउने ठोस प्रयास देखिएको छैन । उदाहरणका लागि देउवा र ओलीबीच भएका वार्ताहरूमा नेतृत्व सुम्पने विषयभन्दा सरकारमा कसरी सहभागी हुने भन्नेमा मात्र छलफल भएको देखिन्छ ।

समस्या समाधानका लागि केही ठोस उपायहरू अवलम्बन गर्न आवश्यक छ । सबैभन्दा पहिला, पुराना नेताहरूले स्वेच्छिकरूपमा नेतृत्व हस्तान्तरण गर्नुपर्छ । पार्टीहरूमा उमेर सीमा तोकिनु, आन्तरिक लोकतन्त्र विकास गर्नु र युवाहरूलाई जिम्मेवारी दिनु आवश्यक छ । नीति निर्माणमा युवाको सहभागिता बढाउनुपर्छ, विशेषगरी स्थानीय तहदेखि केन्द्रसम्म । संविधान र मानवअधिकारको सम्मान हुनुपर्छ, आन्दोलनमाथिको दमन रोक्नुपर्छ र दोषीमाथि कारबाही हुनुपर्छ । साथै, शिक्षा, रोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि दीर्घकालीन रणनीति आवश्यक छ । पार्टी संरचनामा सुधार, निर्णय प्रक्रियामा पारदर्शिता, आन्तरिक प्रतिस्पर्धाको प्रवर्द्धन पनि अत्यावश्यक छ ।

यद्यपि, यो मार्ग सहज छैन । पुराना नेताहरूको सत्तामोह, युवाहरूमा अनुभवको कमी, नेतृत्व परिवर्तनसँगै आउने सम्भावित अस्थिरता र दलभित्रको प्रतिरोधले यो प्रक्रिया चुनौतीपूर्ण बनाउँछ । तर परिवर्तनको माग अब स्वीकार नगरी नहुने स्तरमा पुगेको छ ।

नेपालको राजनीति अहिले यस्तो मोडमा पुगेको छ जहाँ युवाहरूले नेतृत्वको सवालमा कडा प्रश्न उठाएका छन् । पुराना नेताहरूले देशमा लोकतन्त्र ल्याएको भए पनि तिनको योगदानको सीमारेखा अब पूर्ण हुन थालेको संकेत जनताले दिएका छन् । राजनीतिको स्वाभाविक विकासक्रमअनुसार नेतृत्वमा पुस्तान्तरण अपरिहार्य हुन्छ । तर त्यो स्वाभाविकरूपले नभएमा जनदबाब, आन्दोलन र समयकै चक्रले त्यसो गराउँछ । यदि अहिलेका नेता वास्तवमै राष्ट्रप्रेमी छन् भने उनीहरूले स्वयं पद हस्तान्तरणको पहल लिनुपर्छ, नयाँ पुस्तालाई प्रशिक्षण, अवसर र संरचना दिनुपर्छ । यसो हुन सकेमामात्र नेपालमा स्थायित्व, समावेशिता, उत्तरदायित्व र नवप्रवर्तनयुक्त राजनीतिको विकास सम्भव छ ।

युवाहरूले उठाएका आवाजलाई दबाउने होइन, सुन्ने र सम्बोधन गर्ने हो । किनभने आजको युवा नै भोलिको नेता हो । उनीहरूलाई अधिकार, अवसर र जिम्मेवारी दिनु अब टार्नै नसकिने आवश्यकता बनिसकेको छ ।

# वीरगञ्ज महानगरमा एक अर्बभन्दा बढीको क्षति

**वीरगञ्ज (पर्सा)–** जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड र आगजनीले वीरगञ्ज महानगरको करिब एक अर्ब १५ करोड रूपैयाँ बराबरको क्षति भएको दाबी गरिएको छ ।

वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णकाअनुसार आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट महानगरको मुख्य भवनसहित विभिन्न संरचना र सवारीसाधन जलेर नष्ट हुँदा एक अर्ब १५ करोड रूपैयाँ मूल्य बराबरको क्षति भएको छ ।

महानगरका वडा कार्यालयहरू र स्वास्थ्य संस्थामा भएको क्षतिको विवरण अझै संकलन भइरहेको छ । सबै क्षतिको विवरण संकलन गर्दासम्म एक अर्ब ५० करोड रूपैयाँबराबरको पुग्ने अनुमान छ । महानगरका अनुसार महानगर कार्यालयपरिसरभित्र तीनवटा भवन पूर्णक्षति भएका छन्भने अन्य तीन भवनमा क्षति भएको छ । त्यस्तै १७ वटा चारपांग्रे र नौ वटा दुईपांगे र दुईवटा रिक्सासमेत क्षति भएको छ ।

वीरगञ्ज महानगरको नगर परिषद्को मंगलबार बसेको बैठकले हालैको जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त भएकाहरूको सम्झनामा शोक प्रस्ताव पारित गरेको गरेको छ । बैठकले मृतकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ ।

त्यसैगरी नगर परिषद् बैठकले आर्थिक वर्ष २०८२/८३ मा विनियोजन गरिएको बजेटलाई संशोधन गर्ने र त्यसलाई संरचना पुनर्निर्माणमा प्राथमिकता दिने निर्णय गरेको छ । सो सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गर्न केही दिनमै विशेष अधिवेशन बोलाइने तयारी भएको छ । आगलागीबाट कार्यालय कागजात, फर्निचर, कम्प्युटरलगायतका सामग्री जलेर खरानी भएका थिए । प्रहरी प्रशासनले तोडफोडमा संलग्न व्यक्तिहरूको पहिचान गर्न सिसिटिभी फुटेज र प्रत्यक्षदर्शीका बयान संकलन गरिरहेको जनाएको छ । बैठकले हालैको आन्दोलन वास्तविक जेन-जीका प्रदर्शनकारीद्वारा नभई बाहय घुसपैठमार्फत तोडफोड र आगजनी गराइएको ठहरसमेत गरेको छ । प्रमुख प्रशासकीय अधिकृत कर्णका अनुसार जेन-जी युवाहरूको नाममा भएको आन्दोलनमा घुसपैठमार्फत आपराधिक गतिविधि भएको प्रमाण फेला परेको छ ।

घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयसँग पत्राचार गर्ने निर्णय नगर परिषद्ले गरेको प्रमुख प्रशासकीय अधिकृत कर्णले बताए । नगर परिषद्को बैठकले हालको असामान्य परिस्थितिमा वीरगञ्जलाई फेरि सञ्चालन र जनताको सेवामा अविच्छिन्न रूपमा लागिरहने प्रतिबद्धता प्रकट गरेको छ । *रासस*

## खरानीबाट उठ्नु छ फेरि...













१) जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीपछि क्षतिग्रस्त भएको नयाँ बानेश्वरस्थित संघीय संसद् भवनको भित्री भाग ।
२) जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त जनकपुरधामस्थित मधेस प्रदेशसभाको बैठक कक्ष सरसफाइ गरिँदै ।
३) तोडफोड र आगजनीपछि क्षतिग्रस्त कैलालीको घोडाघोडी नगरपालिकाको भवन ।
४) आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त भएको धनगढीस्थित सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सरसफाइमा जुट्दै सशस्त्र प्रहरी बल नेपाल ।

*तस्बिरहरू: रासस*

# तोडफोड र आगजनी गर्नेलाई खोज्दै प्रहरी

**चितवन (प्रस)–** जेन-जी आन्दोलनमा तोडफोड, आगजनी र लुटपाटमा संलग्नको खोजीमा प्रहरी प्रशासन जुटेको छ । आन्दोलनका क्रममा लिइएका फोटो, भिडियो, प्रत्यक्षदर्शीका भनाइलगायत अध्ययन गर्दै प्रहरीले त्यस्ता व्यक्तिहरूको खोजी थालेको हो ।

घटनाका दोषीहरूका बारेमा सूचनासमेत प्रहरीले मागेको छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार आगो लगाउने, तोडफोड गर्ने र लुटपाटमा संलग्न एवं उक्साहटमा लाग्नेहरूको सूची तयार भइरहेको छ । केहीलाई प्रहरीले पक्राउसमेत गरेको छ । उनले भने, 'हामीले सार्वजनिकरूपमा सूचनासमेत माग गरेका छौं ।' आमनागरिकसँग फोटो, भिडियोसहितका सूचना र पीडितसँग उजुरीसमेत प्रहरीले माग गरेको छ ।

ती सूचनालाई मुख्य आधार मानेर प्रहरी परिचालन गरिएको छ । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले लुटिएका सामान राखिएका ठाउँहरूको खोजीसमेत थालिएको बताए । त्यस्ता सामग्री फिर्ता गर्न भनिएको र नभएमा जफत गरी प्रचलित कानुनअनुसार कडा कारबाही गरिने उनले जानकारी दिए ।

सुरक्षा निकायका सबै अंग सूचना संकलन र पहिचानमा जुटेको उनले बताए । भदौ २४ गते भएको तोडफोड, आगजनीमा प्रदर्शनकारी १४ जना र सुरक्षाकर्मी १२ जना घाइते भएका थिए । सो क्रममा एक जना प्रदर्शनकारीको मृत्युसमेत भएको थियो । प्रदर्शनकारीले ७९ वटा सरकारी कार्यालय, १६ वटा निजी घर एवं व्यावसायिक प्रतिष्ठान र तीनवटा पार्टी कार्यालयमा आगजनी, तोडफोड र लुटपाट गरेका थिए ।

# जेन–जी आन्दोलनका सहिद कुलुङको अन्त्येष्टि



**संखुवासभा (प्रस)–** गत भदौ २३ र २४ गते काठमाडौंमा भएको जेन-जी प्रदर्शनका क्रममा निधन भएका सिलिचोङ गाउँपालिका-३ का २१ वर्षीय प्रवीन कुलुङको शवलाई संखुवासभा ल्याएर अन्त्येष्टि गरिएको छ ।

नेपाली सेनाको हेलिकप्टमार्फत कुलुङको शव बुधबार बिहान ल्याइएको संखुवासभाकी प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले जानकारी दिइन् । प्रतिकूल मौसमका कारण कुलुङको शव मंगलबार ल्याउन नसकिएपछि विराटनगरमै राखिएको थियो । सिलिचोङ गाउँपालिका केन्द्र ताम्कुमा कुलुङको पार्थिव शरीरमा गाउँपालिकाका अध्यक्ष भूपालराज मेवाहाङले राष्ट्रिय झण्डा ओढाएर सम्मान अर्पण गरेका थिए ।

श्रद्धाञ्जलिसभापश्चात् मृतकका आफन्तलाई शव बुझाइएको थियो । सिलिचोङ-३ स्थित लकुवामा कुलुङ जातिको जातीय संस्कारअनुसार कुलुङको अन्त्येष्टि गरिएको सिलिचोङ गाउँपालिका अध्यक्ष मेवाहाङले बताए । किशोर कुलुङका छोराहरूमध्ये प्रवीन माइला भएको जनाइएको छ । प्रवीनको निधनले सिलिचोङसहित संखुवासभामा शोकमा डुबेको छ । स्थानीयहरूले दोषीलाई कारबाही गर्न माग गरेका छन् ।

# सिरहामा क्षति भएका एक दर्जन प्रहरी युनिट पुनःस्थापना

**सिरहा (प्रस)–** जेन-जी पुस्ताको प्रदर्शनका क्रममा क्षति भएका यहाँका प्रहरी युनिट पुनः आफ्नो नियमित सेवामा फर्कन थालेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार प्रदर्शनको दौरान क्षतिग्रस्त भएका १४ प्रहरी युनिटमध्ये १२ वटालाई पुनःसञ्चालनमा ल्याइएको छ । बाँकी रहेका फुलबरिया र बाह्रबिघा अस्थायी प्रहरी बिटहरू चाँडै पुनःस्थापना गरिने जनाइएको छ ।

प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार हालसम्म इलाका प्रहरी कार्यालय गोलबजार, नरहा, विष्णुपुर, कल्याणपुर, प्रहरी चौकी बेल्हा, लगडीगोठ, लगडी गदियानी, सन्हैठा, औरही, हरकट्टी र लहान प्रहरी बिट पुनः सञ्चालनमा ल्याइएका हुन् ।

उनका अनुसार, प्रदर्शनको क्रममा आठवटा प्रहरी चौकीमा तोडफोड र १० वटा चौकीमा आगजनी भएको थियो । त्यसैगरी, प्रहरीले प्रयोग गर्दै आएका तीनवटा चारपांग्रे र छ दुई पांग्रे सवारीसाधन क्षतिग्रस्त भएका छन् । तीनवटा मोटरसाइकल पूर्णरूपमा जलेका छन् भने तीन सञ्चार सेटमा पनि क्षति पुगेको छ । यसक्रममा नौ जना प्रहरी सामान्य घाइते भएका थिए ।

पुनःस्थापित युनिटहरूमा प्रहरी टोली पुगेसँगै स्थानीय जनप्रतिनिधि र नागरिकहरूले फूलमालासहित स्वागत गरेका छन् । सुरक्षाको अनुभूति र जनसहभागिता दुवै पुनःस्थापना भएसँगै प्रशासनलाई उत्साहित बनाएको छ । प्रहरी नायब उपरीक्षक पासवानले भने, 'प्रहरी युनिटहरूलाई सशक्त र जनमैत्री बनाउँदै लैजाने हाम्रो लक्ष्य हो । स्थानीय तह र समुदायको साथमा हामी शान्ति, सुरक्षाको वातावरण मजबुत बनाउँदै छौं ।'

# आजबाट सेवा सञ्चालनमा ल्याउँदै पोखरा महानगर

**गण्डकी (प्रस)–** जेन-जी प्रदर्शनका क्रममा पोखरा महानगरपालिकाका अधिकांश कार्यालयका भवन क्षतिग्रस्त बनेपछि त्यसको वैकल्पिक व्यवस्थासहित आजदेखि सेवा सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

महानगरले यसअघि बुधबारदेखि नियमित सेवा सञ्चालनमा ल्याउने तयारी गरेको थियो । बुधबार प्रदर्शनका क्रममा ज्यान गुमाउनेहरूको सम्मानमा राष्ट्रिय शोक मनाउन देशभर सार्वजनिक बिदा घोषणा गरिएकाले आज बिहीबारदेखि सेवा सञ्चालनमा ल्याइने महानगरका प्रवक्ता मोती तिमल्सिनाले जानकारी दिए ।

प्रदर्शनका क्रममा प्रमुख प्रशासनिक भवनसहित महानगरभित्रका अधिकांश वडा कार्यालयमा क्षति पुगेको थियो । उनका अनुसार महानगरका ३३ वडामध्ये २० वटा वडाका भवन पूर्णरूपमा, छ वटा वडा भवन सुरक्षित र अन्य सात वटामा आंशिक क्षति पुगेको छ ।

उनका अनुसार पूर्णरूपमा क्षतिग्रस्त भवनको वैकल्पिक व्यवस्थापन गर्दै सेवाहरू सञ्चालनमा ल्याउन लागिएको हो । यसैबीचमा कतिपय वडाका घरघरमा पुगेर पनि महानगरबाट अत्यावश्यकीय सेवाहरू प्रदान गर्न थालिएको उनले जानकारी दिए । मुलुकको विषम् परिस्थितिका बाबजुत सकेसम्म सेवा प्रवाहलाई नरोक्ने उद्देश्यका साथ महानगरको वडा नं २५ ले घरघरमा पुगेर सुरक्षा भत्ता, परिचयपत्र नवीकरणलगायत सेवा प्रदान गरिरहेको प्रवक्ता तिमल्सिनाले बताए ।


**कुवेतमा रोजगार** कम्पनी : AREEB ESTABLISHENT FOR FOOD STUFF

पूर्व स्वीकृति मिति : २०८०/११/१७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/०१ | LT. No. 300821 | चलानी नं. ६०२१५७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 120 | ५५,१९९ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaner | 3 | 0 | 95 | ४३,६९९ | | | | | | | |
| 3 | Cook | 6 | 0 | 125 | ५७,४९८ | | | | | | | |
| 4 | Light Driver | 4 | 0 | 140 | ६४,३९८ | | | | | | | |
| 5 | MANAGER | 2 | 0 | 500 | २,२९,९९३ | | | | | | | |
| 6 | Supervisor | 3 | 0 | 180 | ८२,७९८ | | | | | | | |
| 7 | Waitress | 0 | 5 | 120 | ५५,१९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



**FOREIGN EMPLOYMENT OPPORTUNITIES IN MALAYSIA**

COMPANY: INSIGHT ALLIANCE SECURITY SERVICES SDN BHD

Pre-approval Date: 2025-09-15 | LT. No. 330953 | Invoice No.60244893

| S.N | Worker's position | Demand number Male | Demand number Female | Monthly salary RM | Monthly salary ने.रू. | Overtime facility | Working hours per day | Working hours per week | Annual Leave | Food facilities | Accommodation | Contract period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1700 | ५६,९६० | As per Company | 8 hrs | 6 Days | As per Company | No | Yes | 2 Years |

Place of Interview: The organization's office, Kathmandu, Date: 25th Sep. 2025

| Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | Who will bear the medical Examination Cost at Destination Country | Who will bear the Insurance at Origin Country and how much is the cost | Insurance at work provided/not provided and premium borne by whom | Who will bear the workers AirTicket and how much is the cost | Who will bear the Visa Cost | How much is the Orientation Cost and who will bear it | Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| By the Employee | By the Employer | By the Employee | By the Employer | By the Employer | By the Employer | NPR 700/- By the Employer | By the Employer |

Welfare Fund Arrangements: Rs. 1500/-, By the Employee    Service Charge: Zero Cost

Information provided by the Foreign Employment Department: 1) Please pay the amount to the company only after it is confirmed that the visa will be received in your name. It is mandatory to take the receipt of the amount paid. 2) Keep the contact address and phone numbers of the Nepali diplomatic mission in the country you are going to work with. It is easy to contact if you are in trouble. 3) Orientation or induction training must be taken before going abroad. 4) Before going abroad, read carefully about the country you are going to, the company you will work for, the services you will get, facilities and other terms and conditions and sign the contract, keep a copy of it with you. 5) When going abroad for work, use the airport of Nepal, otherwise there is a possibility of being cheated. 7) If you need to understand anything more about this advertisement, please contact the Foreign Employment Department Tahachal.

MHRS
MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९



**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**कोशी प्रदेश, नेपाल .**

**विधुतीय माध्यमबाट बोलपत्र आह्वानको सुचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०६/०२**

यस कार्यालयको स्विकृत कार्यक्रम अनुसार Construction of boundary wall, gate and guard house for chief administrative office ,Katari-4,Udayapur योजनाको लागी तपसिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सुचना यस कार्यालयको Website: www.katarimun.gov.np र सुचना पाटीमा साथै यस सम्बन्धि सुचना सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website: www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धि कागजात www.bolpatra.gov.np/egp मा राखी यो विधुतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धि निर्माण कार्यको विवरण:-**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई. रकम (पि. एस. र भ्याट बाहेक) रू. | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. | बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Works/02/2082-083 | Construction of boundary wall ,gate and guard house for chief administrative office,Katari-4,Udayapur | 32,68,654.38 | 1,00,000.00 | 3,000.00 | 19th October,2025 12:00AM |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## गंगा सोनामको पहिलो गीत 'गुनासो'

नेपाल आइडल सिजन ६ की विजेता गायिका गंगा सोनामको पहिलो गीत 'गुनासो' सार्वजनिक भएको छ । गीतकार प्रदीप चापागाईँको शब्द शब्द र लेखु सहयात्रीको संगीत रहेको गुनासोमा गंगाको स्वर गुन्जिएको छ । गंगाको एकल स्वरमा रहेको गुनासो गीतको म्युजिक भिडियोमा अभिनेता राज कटुवाल र सनिशा भट्टराईको अभिनय छ । गीतको म्युजिक भिडियोलाई निकेश खड्काले निर्देशन गरेका हुन् । उत्सव दाहालको सिनेमाटोग्राफी र विकास धमलाको सम्पादन रहेको भिडियोलाई गीतकार प्रदीप चापागाईँको अफिसियल युट्युब च्यानल प्रदिप चापागाईंबाट सार्वजनिक गरिएको हो ।






# फिल्म 'परान' कात्तिक १४ मा रिलिज हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** देशकै प्रतिष्ठित व्यवसायिक घराना गोल्छा समूहका शेखर गोल्छा र प्रिज्मा समूहको संयुक्त निर्माण रहेको फिल्म 'परान' अहिले पोस्ट-प्रोडक्सनमा छ । फिल्म कलाकार दीपकप्रसाद आचार्य 'काकु' ले निर्देशन गरेका हुन् ।

नीर शाह, मदनकृष्ण श्रेष्ठ, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, अन्जना बराइली, महेश त्रिपाठीलगायतका कलाकारको फिल्ममा अभिनय छ । फिल्मले छायाङ्कन समयमा आफ्नो प्रदर्शन मिति कात्तिक १४ गते घोषणा गरेको थियो । तर अहिले मौन छ । फिल्म कात्तिक १४ गते रिलिज हुने नहुने अहिले त्यसै भन्न सकिन्न ।

निर्देशक आचार्यले भने कात्तिक १४ मै फिल्म रिलिज हुने बताए । 'फिल्मको पोस्ट-प्रोडक्सनको काममा लागेका कारण हामीले बाहिर हल्ला गर्न नभ्याएका हौं', आचार्य भन्छन्- 'केही दिनमा फष्टलुक्स पोस्टर सार्वजनिक गरेर प्रचार थाल्नेछौं ।'

फिल्मको निर्माता नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष समेत रहेका शेखर गोल्छा हुन् । उनले फिल्म निर्माणको उद्देश्य नेपाली मौलिकता र संस्कृतिलाई संरक्षण गर्नु रहेको बताए ।

फिल्मको कथा र अन्य विस्तृत जानकारी फस्ट लुक्ससँगै सार्वजनिक गर्ने निर्माण युनिटको योजना रहेको छ ।

## 'कमेडी नाइट विथ च्याम्पियन' सुरु

**काठमाडौं (प्रस)–** जेनजी आन्दोलनका कारण रोकिएको विशाल भण्डारी निर्देशित कमेडी रियालिटी शो 'कमेडी नाइट विथ च्याम्पियन' आज मंगलबारबाट प्रसारणमा आएको छ । प्रसारण अगाडि निर्देशक भण्डारीले सामाजिक सञ्जालमा एक पोष्ट गर्दै शोको प्रसारण हुने जानकारी दिएका थिए ।

मंगलबारको शोमा फिल्म 'अभिमन्यु' का कलाकार कामेश्वर चौरसिया, गौमाया गुरुङ, लक्ष्मी बर्देवा, सरिता गिरी र निर्माता विनोद पौडेल अतिथिका रूपमा सहभागी थिए ।

शोमा भरतमणि पौडेल, सुमन कार्की, सुमन कोइराला, सजन श्रेष्ठ, सुमन कार्की, साजन श्रेष्ठ, प्रभात लामा लगायतको प्रस्तुति रहेको थियो । सोमा सामाजिक सञ्जाल बन्द लगायतका समसामयिक विषय व्यंग्यका रूपमा प्रस्तुत गरिएको छ ।

# फेरि सऱ्यो 'जारी २' रिलिज डेट, अब कात्तिक २१ मा आउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेनजी आन्दोलनले रोकिएको फिल्म 'जारी २ : सङ अफ च्याब्रुङ'को नयाँ प्रदर्शन मिति घोषणा भएको छ । निर्माता कम्पनी बाँसुरी फिल्म्सले नयाँ पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेको हो ।

जसअनुसार उपेन्द्र सुब्बा निर्देशित फिल्म कात्तिक २१ गते (७ नोभेम्बर)मा रिलिज हुनेछ ।

तिहारको भाइटीकामा प्रदर्शन हुने यसअघिको निर्णयलाई स्थगित गर्दै निर्माताले नयाँ रिलिज डेट तय गरेका हुन् । फिल्म क्षेत्रलाई मर्यादित बनाउने उद्देश्यले आफूहरू भाइटीकाको मितिबाट पछि हटेको बाँसुरी फिल्म्सका मणिराम पोखरेलले बताए ।

दयाहाङ राई र मिरुना मगर स्टारर 'जारी २' दुई वर्षअघि प्रदर्शनमा आएको सुपरहिट फिल्म 'जारी'को दोस्रो श्रृंखला हो । पहिलो भागले घरेलु बक्सअफिसमा १७ करोडभन्दा धेरै कलेक्सन गरेको थियो ।




# हलिउडका अभिनेता रोबर्ट रेडफोर्डको निधन

**वासिङ्टन डिसी–** हलिउडका प्रसिद्ध अभिनेता रोबर्ट रेडफोर्डको ८९ वर्षको उमेरमा निधन भएको छ । 'बुच क्यासिडी एन्ड द सनडान्स किड' र 'द स्टिङ' जस्ता फिल्ममा गरेको अभिनयका लागि उनी विशेष रूपमा चिनिन्थे ।

उनकी प्रचारक सिन्डी बर्गरले एक विज्ञप्ति जारी गर्दै भनेकी छन्, 'रोबर्ट रेडफोर्डको सेप्टेम्बर १६ मा युटामा रहेको उनको सनडान्स निवासमा निधन भएको छ, जहाँ उनी मन पराउने मानिसहरूको साथमा थिए । उहाँको कमी धेरै महसुस हुनेछ । परिवारले यस समयमा गोपनीयताको सम्मान गर्न आग्रह गरेको छ ।'

ओस्कर विजेता रेडफोर्डलाई श्रद्धाञ्जली अर्पण गर्नेहरूमा मेरिल स्ट्रीप र जेन फोन्डा जस्ता चर्चित कलाकारहरू पनि छन् । युटाको सनडान्स फिल्म फेस्टिभलका संस्थापकका रूपमा पनि उनी चर्चित थिए । उनले सन् १९८० मा 'अर्डिनरी पिपल' फिल्मका लागि उत्कृष्ट निर्देशकको ओस्कर जितेका थिए । सन् २०१६ मा 'अभिनयबाट थाकेको' बताएपछि उनले सन् २०१८ मा अभिनयबाट सन्यास लिएका थिए ।

'आउट अफ अफ्रिका' मा उनीसँगै काम गरेकी हलिउड अभिनेत्री मेरिल स्ट्रीपले श्रद्धाञ्जली अर्पण गर्दै भनिन्, 'एक महान् व्यक्तित्वले संसार छोडे । मेरो प्रिय साथी, तपाईंको आत्माले शान्ति पाओस् ।'

जेन फोन्डा, जसले रेडफोर्डसँग 'बियरफुट इन द पार्क' (१९६७) जस्ता फिल्महरूमा काम गरेकी थिइन्, उनले रेडफोर्डलाई 'हरेक हिसाबले एक सुन्दर व्यक्ति' भनिन् । निर्देशक रोन हावर्डले एक्समा लेख्दै रेडफोर्डलाई 'अत्यन्त प्रभावशाली सांस्कृतिक व्यक्तित्व' र 'कलात्मक परिवर्तनकर्ता' को रूपमा वर्णन गरे ।

रेडफोर्डको चलचित्र क्षेत्रमा सबैभन्दा ठुलो योगदान सनडान्स फिल्म फेस्टिभल मानिन्छ, जसले सन् १९८० को दशकको अन्त्य र ९० को दशकको सुरुमा स्वतन्त्र फिल्म निर्माणलाई प्रोत्साहन दिई उनको करियरलाई नयाँ उचाइमा पुऱ्याउन मद्दत गरेको थियो ।

सनडान्समा प्रिमियर भएर पछि ठुलो सफलता पाएका फिल्महरूमा 'फोर वेडिङ्स एन्ड अ फ्युनरल', 'प्रिसियस', 'म्यानचेस्टर बाई द सी', 'लिटिल मिस सनसाइन', 'द ब्लेयर विच प्रोजेक्ट' र 'गेट आउट' जस्ता फिल्महरू पर्छन् । *एजेन्सी*





# एसियाडमा ४३४ खेलाडीको नाम दर्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानको आइची र नागोयामा अर्को वर्ष आयोजना हुने २० औं एसियाली खेलकुद (एसियाड) का लागि ३२ खेलका ४३४ खेलाडीको नाम दर्ता गरिएको छ ।

अन्तरराष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटी (एनओसी)द्वारा जारी प्रेस विज्ञप्तिमा विभिन्न ३२ खेलका १९५ महिला र २३९ पुरुष खेलाडी २० औं एसियाडका लागि पहिलो सूचीमा दर्ता भएको उल्लेख छ ।

एसियाडका लागि खेलअनुसार खेलाडीको दर्ता गर्ने अन्तिम मिति सेप्टेम्बर १६ सम्म थियो । त्यसमा ओलम्पिक कमिटीले यसअघि दर्ता गरिएको खेलमा दुई खेल थप गरेर ३२ खेलको खेलाडीका नाम दर्ता गरेको एनओसीले जनाएको छ ।

यससम्बन्धी युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्लाई पटकपटक पत्राचार गर्दा मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्बाट खेलाडीको संख्याका बारेमा कुनै जानकारी प्राप्त नभएपछि पहिला दर्ता गरिएका ३० वटा खेलसँग सम्बन्धित सङ्घबाट सम्भावित खेलाडीको संख्या उपलब्ध गराएको जनाइएको छ । सोही अनुसार हिजो आयोजक कमिटीमा 'इन्ट्री बाई' नम्बर प्रक्रिया सम्पन्न भएको कमिटीका महासचिव राजीव श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यसअघि ओलम्पिक कमिटीले ३० खेलको नाम दर्ता गरेको थियो । त्योबेला नाम दर्ता नभए पनि खेलाडीको नाम दर्ता गर्दा फुटबल र तेक्वान्दोको खेलाडीको नाम पनि थप गरिएको थियो ।

एसियाडमा दर्ता गरिएको खेलमा एथलेटिक्स, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, ब्रेकिङ एण्ड डान्स स्पोर्टस्, बेसबल एण्ड सफ्टबल, राफ्टिङ एण्ड कनोइङ, कुराँस, क्रिकेट, साइक्लिङ, इ-स्पोर्टस्, गल्फ, हकी र जुडो छन् ।

त्यसैगरी, कबड्डी, कराते, मोडर्न पेन्टाथलन, रग्बी, स्केटिङ, स्पोर्टस् क्लाइम्बिङ, स्कावास, सफ्ट टेनिस, पौडी, टेनिस, टेबल टेनिस, भलिबल, भारतोलन, कुस्ती र उसु छन् । पछि थप गरेको खेलमा तेक्वान्दो र फुटबल रहेको छ ।

## एएफसीले एन्फालाई गऱ्यो १० हजार डलर जरिवाना

**काठमाडौं (प्रस)–** एसियाली फुटबल महासंघ (एएफसी) ले एएफसी फुटसल एसियन कप छनोटमा सहभागिता नजाएपछि अखिल नेपाल फुटबल संघ (एन्फा) लाई १० हजार अमेरिकी डलर जरिबाना गरेको छ । एएफसीको अनुशासन तथा आचारसंहिता समितिको गत अगस्ट २१ बसेको बैठकले एन्फालाई कारबाही गरेको हो । पटसम्मे छुटाएपछि एन्फाले इन्डोनेसिया सन् २०२६ मा हुने प्रतियोगिताको छनोटबाट नाम फिर्ता लिएको थियो ।

एएफसीका अनुसार नाम फिर्ता खेल सुरु हुनुभन्दा १०६ दिनअघि मात्र पाइन्छ । तर, एन्फाले यो नियम मिचेपछि कारबाहीमा परेको हो । योसँगै नेपाललाई अर्को संस्करणको एएफसी फुटसल एसियन कप छनोटमा भाग लिनबाट समेत बञ्चित गइएको छ । यस्तै, उक्त जरिबाना सेप्टेम्बर २० सम्ममा तिर्न एएफसीले भनेको छ । फुटसल एसियन कपको छनोट २० सेप्टेम्बरदेखि सुरू हुँदैछ । छनोटमा ३१ देशले विभिन्न आठ समूहमा प्रतिस्पर्धा गर्दैछन् । जसबाट १५ टोली छनोट हुनेछन् ।

## पाकिस्तानको जितमा अब्दुल्लाहको ह्याट्रिक

**काठमाडौं (प्रस)–** मोहम्मद अब्दुल्लाहको ह्याट्रिकसँगै पाकिस्ताले साफ यु-१७ च्याम्पियनसिपमा सानदार सुरुआत गरेको छ । कोलम्बो रेसकोर्स स्टेडियममा मंगलबार सम्पन्न खेलमा भुटानलाई ४-० ले पराजित गरेको हो । जितसँगै पाकिस्तानले ३ अंक जोडेको छ ।

# अन्तर्राष्ट्रिय चेसमा सहभागी हुन नेपाली टोली रूस प्रस्थान



■ प्रभाव संवाददाता

**काठमाडौं–** बौद्ध राष्ट्रहरूबीच हुने पहिलो अन्तर्राष्ट्रिय चेस प्रतियोगितामा सहभागी हुन नेपाल बुद्धिचाल खेल टोली बुधबार बिहान रूसको रिपब्लिक अफ क्याल्मिकिया, एलिस्तामा प्रस्थान गरेको छ । विश्वका प्रमुख बौद्ध धर्म मान्ने देशहरूलाई आमन्त्रण गरेको आयोजक रूसले 'स्पिरिट अफ धर्म' को नारा दिँदै यही 'सेप्टेम्बर १७ देखि २३ सम्म सञ्चालन गरिने चेस प्रतियोगितामा बुद्ध जन्मेको देश नेपाललाई पनि आमन्त्रण गरिएको हो ।

यो प्रतियोगिता रसियाको बुद्धिष्ट गणराज्य काल्मिकियाको सरकार, काल्मिक चेस फेडरेशन तथा मस्को क्षेत्रीय चेस फेडरेशनको सहकार्यमा आयोजना गरिएको हो ।

प्रतियोगिता विश्व चेस महासंघ फिडेको नियमअनुसार २५ मिनेट १० सेकेन्ड इनक्रिजमेन्ट 'र्‍यापिड' र पाँच मिनेट ३ सेकेन्ड इनक्रिजमेन्ट 'ब्लिट्स' विधा अन्तर्गत समूहगत ११ चरण सम्मको खेल सञ्चालन हुनेछ ।

नेपाल बुद्धिचाल महासङ्घको सचिवालय बैठकबाट ३ जनाको समूह खेलका लागि व्यावसायिक खेलाडीमा २१९८ उच्च रेटेड सिएमए पुरुषोत्तम सिलवाल, १६३९ रेटेड महिला खेलाडी सिन्दिरा जोशी, २ हजार रेटिङ मुनि एमेच्योर १८९० रेटेड खेलाडी हेराकाजी महर्जन र वैकल्पिक खेलाडीमा १९४३ रेटेड शैलेन्द्र न्यौपानेलाई सहभागी गराएका छन् ।

आयोजकको तर्फबाट एमेच्योर खेलाडीका रूपमा विशेष गरी प्रत्येक राष्ट्रिय संघका अध्यक्षलाई नै सहभागी हुन आमन्त्रण दिइएको थियो । यसै मौकालाई सदुपयोग गर्दै नेपाल बुद्धिचाल महासङ्घका अध्यक्ष हेराकाजी महर्जनले रसिया चेस फेडेरेशन सँग दुई देशीय चेस सङ्घहरू बीच सहयोग आदान प्रदानको सम्झौता समेत गर्ने भएको छ ।

प्रतियोगिताको उद्देश्य बौद्ध देशहरूबीच खेल तथा सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने, बौद्ध फोरम मार्फत चेसलाई लोकप्रिय बनाउने, खेलाडीहरूको स्तर उकास्ने र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने रहेको छ ।

अनअफिसियल आमन्त्रित बौद्ध चेस प्रतियोगितामा हंगेरीका २५५० रेटेड ग्रान्डमास्तर सानान स्जुगीरोभ, रूसका २५०१ रेटेड ग्रान्डमास्टर झाम्सारन साइदिपोभ, फिलिपिन्सका २४२३ रेटेड इन्टरनेशनल मास्टर रोडरिक नावा लगायत दर्जनौं देशका टाइटल होल्डर शीर्ष खेलाडीको सहभागिता रहेको छ । सहभागी बौद्ध राष्ट्र बिच सांस्कृतिक आदानप्रदान र उच्चस्तरीय प्रतिस्पर्धा सहितको यो प्रतियोगिताले खेल कूटनीतिलाई नयाँ आयाम दिने र चेसको बौद्धिक तथा सांस्कृतिक मूल्यलाई विश्वव्यापी रूपमा उजागर गर्ने अपेक्षा गरिएको छ ।

नेपाली टोलीलाई विदाई गर्ने क्रममा नेपाल चेस फेडेरेशनका महासचिव धर्मबहादुर लामाले यस सहभागितालाई गौरवपूर्ण अवसरको रूपमा लिँदै भने, 'यस प्रतियोगिताले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने मात्र नभई, खेल मार्फत सांस्कृतिक मित्रता बढाउने महत्वपूर्ण अवसर दिनेछ ।'



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र बेलायतका राजा चार्ल्स तृतीय बुधबार बेलायतको विण्डसरस्थित विण्डसर क्यासलमा आगमन समारोहको क्रममा 'गार्ड अफ अनर'को निरीक्षण गर्दै । *तस्बिरः एपी*

# गाजा सहरबाट करिब ४८ हजार मानिस विस्थापित

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको मानवीय सहायता समन्वय कार्यालय (ओसिएचए) का अनुसार गाजा सहरमा हालैका दिनमा भएसँगैको स्थल कारबाहीका कारण करिब ४८ हजार प्यालेस्टिनी नागरिकहरूले दक्षिणतर्फ सरेका छन् ।

उक्त कार्यालयले जनाएअनुसार अगस्ट महिनाको मध्यदेखि हालसम्म करिब एक लाख ९० हजारभन्दा बढी व्यक्तिहरूले गाजा सहर छोडिसकेका छन् । धेरै विस्थापितहरू अत्यधिक गर्मीका बाबजुद, पैदलै यात्रा गर्न बाध्य छन् । 'विस्थापित परिवारहरू विशेषगरी महिला र वृद्ध सदस्यको नेतृत्वमा नांगो खुट्टा, घाइते बालबालिका र भारी बोक्दै, घण्टौंसम्म हिँडिरहेका छन्,' कार्यालयको भनाइ छ ।

संयुक्त राष्ट्रसंघका साझेदार संस्थाहरूले करिब एक हजार ५०० भन्दा बढी व्यक्तिहरूलाई, जसमा ९०० भन्दा बढी बालबालिका छन्, मानसिक सहायता, खानेपानी तथा औषधोपचार प्रदान गरिसकेका छन् ।

स्वास्थ्य सेवा प्रदायक संस्थाहरूका अनुसार गाजाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरूमा अत्यधिक चाप छ । यसै साता गाजा सहरको अल-कुद्स अस्पताल नजिकैको आक्रमणका कारण अस्पतालमा क्षति पुगेको छ र हाल उक्त स्थानमा विस्थापितहरू आश्रय लिइरहेका छन् । यसबाहेक, संयुक्त राष्ट्रसंघद्वारा सञ्चालित छ स्वास्थ्य केन्द्रमध्ये केवल तीन वटामात्र सञ्चालनमा रहेका छन् ।

जिकिम सीमा नाका विगत चार दिनदेखि बन्द रहेको तथा भीड र लुटपाटका कारण इन्धन र औषधिसम्बन्धी आपत्कालीन सेवाहरू अवरुद्ध भएको ओसिएचएले जनाएको छ । सहायता बोकेका सवारीसाधनहरू ढिलो हुने, जोखिम सामना गर्नुपर्ने र बाटोमै अड्किने समस्याले सहायता अत्यन्त आवश्यक रहेका व्यक्तिहरूसम्म पुग्न गाह्रो भएको छ ।

'यी सबै चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि, संयुक्त राष्ट्रसंघ र यसका मानवीय साझेदारहरूले गाजा क्षेत्रमा अत्यावश्यक सेवा प्रदान गर्न निरन्तर प्रयासरत छन्,' ओसिएचएले उल्लेख गरेको छ । *रासस/सिन्ह्वा*



## गाजा छोड्न नयाँ सुरक्षित मार्ग खुलाः *इजरायली सेना*

**गाजा सिटी–** इजरायली सेनाले बुधबार गाजा सहरबाट मानिसहरूलाई भाग्न दिनका लागि अस्थायी नयाँ मार्ग खोलिएको घोषणा गरेको छ । यो कदम प्रमुख भूमिसैनिक कारबाही सुरु गरेपछि आएको हो, जसको उद्देश्य हमासलाई कमजोर बनाउनु हो ।

इजरायली सेनाले मंगलबार बिहानै गाजा सहरमा ठूलो बमबारी गर्‍यो र आफ्ना सैनिकहरूलाई गाजा स्ट्रिपको सबैभन्दा ठूलो सहरी क्षेत्रभित्र अगाडि बढायो । इजरायली सेनाले अब 'सलाह अल-दिन सडक' मार्फत अस्थायी यातायात मार्ग खोलिएको जानकारी दिएको छ, जुन बिहीबार दिउँसो १२ बजेदेखि ४८ घण्टाका लागि खुला रहने छ ।

संयुक्त राष्ट्रसंघले अगस्ट अन्त्यमा गाजा सहर र वरपर करिब एक लाख मानिसहरू बसोबास गर्ने अनुमान गरेको छ । हालसम्म तीन लाख ५० हजार भन्दा बढी मानिसहरू दक्षिणतर्फ भागिसकेको इजरायली सेनाको दाबी छ । तर गाजा बसोबास गर्ने धेरै मानिसहरूले भने यहाँ कुनै सुरक्षित ठाउँ नभएको र आफूहरू घरमै मर्न तयार रहेको बताएका छन् ।

युद्ध अक्टोबर २०२३ मा हमासले इजरायलमाथि आक्रमण गर्दा सुरु भएको थियो, जसमा एक हजार २१९ जना सामान्य नागरिक मारिएका थिए । इजरायली कारबाहीमा हालसम्म करिब ६५ हजार सामान्य नागरिकको मृत्यु भएको छ ।

संयुक्त राष्ट्रसंघको एक स्वतन्त्र जाँच टोलीले इजरायलले गाजामा 'जनसंहार' गरिरहेको बताएको छ । तर इजरायली सरकारले यो आरोप अस्वीकार गर्दै उक्त टोलीको तुरुन्त खारेजीको माग गरेको छ ।

यसैबीच कतार र फ्रान्सले इजरायललाई गाजा सहरमाथि आक्रमण रोक्न आग्रह गरेका छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले कतारका शेखसँग भेट गरी मध्यस्थताको भूमिकामा रहन आग्रह गरे । *रासस/एएफपी*

# जुवा प्रतिबन्धपछि भारतीय खेलप्रेमी अवैध साइटतर्फ मोडिँदै

**नयाँदिल्ली–** भारतमा अनलाइन जुवामा गरिएको प्रतिबन्धले सयौं करोड प्रयोगकर्ताहरूलाई सेवा दिने अर्बौं डलरको उद्योग बन्द गराएको छ र राष्ट्रिय क्रिकेट टोलीको प्रायोजनसमेत प्रभावित पारेको छ ।

तर खेलाडीहरूको भनाइमा सट्टबाजी लगाउन अडिग मानिसहरूले विदेशी र अनियमित वेबसाइटतर्फ जाने बाटो फेला पारिरहेका छन् । यद्यपि, नगदका लागि नभई पुरस्कारका लागि काल्पनिक खेल अनुप्रयोगका प्रशंसकहरू अझै पनि खेलिरहेका छन् ।


काल्पनिक खेल खेल्ने विज्ञापन व्यवसायी आदर्श शर्माले भारतीय जुवाडेहरूले वैकल्पिक बाटो खोज्दा अपतटीय साइटहरूमा 'अचानक उछाल आउने' दाबी गरे । 'एकपटक बनेको बानी सजिलै छोडिँदैन,' उनले भने, 'यो लत हो र मानिसहरूले जुवाको बाटो फेला पार्छन् ।'

गत महिना भारतीय संसद्ले अनलाइन जुवामा प्रतिबन्ध लगाउने कानुन पारित गरेको थियो । सरकारी तथ्यांकअनुसार कम्पनीहरूले ४५ करोड मिलियन मानिसबाट वार्षिक दुई अर्ब ३० करोड डलर उठाइरहेका थिए ।

अधिकारीहरूका अनुसार प्लेटफर्मको तीव्र विस्तारले आर्थिक संकट, लत, आत्महत्या, धोखाधडी, मनी लण्ड्रिङ र आतंकवादलाई वित्तपोषणसम्म निम्त्याएको छ । कानुनलाई शीर्ष अनलाइन कार्ड गेम प्लेटफर्मले अदालतमा चुनौती दिएको छ ।

नयाँ कानुनअनुसार कार्ड गेम र काल्पनिक खेल वेबसाइट तथा एपहरू (भारतमा लोकप्रिय काल्पनिक क्रिकेटसहित) प्रतिबन्धित छन् । अपराधीलाई पाँच वर्षसम्म जेल सजाय हुने प्रावधान छ ।

जुवाडेहरूले अब भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन) र प्रोक्सी क्रेडिट कार्डमार्फत विदेशी साइटमा पुग्नुपर्ने छ । यो सामान्य प्रयोगकर्ताका लागि कठिन भए पनि खेलाडीहरू यसबारे जानकार छन् । एक प्रशंसकले नाम नखुलाउने सर्तमा भने, 'हामीले यो पहिले पनि गरेका थियौं, फेरि गर्नेछौं पुराना तरिकामा फर्किन्छौं ।'



### क्रिकेटको प्रेम

प्रविधिमन्त्री अश्विनी वैष्णवका अनुसार नयाँ कानुनले कानुनी इस्पोर्ट्सलाई सुरक्षित राख्दै प्रयोगकर्तालाई झूटो नाफाको वाचा गरेर शोषण गर्ने सट्टेबाजी, जुवा र काल्पनिक नगद खेलहरूलाई मात्र लक्षित गरेको हो ।

विश्वकै सबैभन्दा ठूलो काल्पनिक खेल प्लेटफर्म 'ड्रिम ११८' (२६ करोड प्रयोगकर्ता) ले 'नगद खेल बन्द गरिएको' घोषणा गर्दै अब कार, फोन, फ्रिजजस्ता पुरस्कार दिने बताएको छ । यसले भारतीय क्रिकेट बोर्ड (बिसिसिआई) सँगको चार करोड ३० लाख डलरको सम्झौता पनि तोडेको छ, जसले भारतीय खेलाडीहरूको जर्सीबाट यसको लोगो हटाएको छ ।

दिल्लीका कसाई जमशेद नूरले आफूले पाएको ठूलो जित श्रमिकको दैनिक ज्याला ६०० रूपैयाँ (करिब ७०७ डलर) भएको बताए । 'हामी क्रिकेटको प्रेमका लागि खेल्छौं,' उनले भने, 'पैसा आकर्षण थियो, तर अब नगद नभए पनि म खेलिरहन्छु ।'

यस प्रतिबन्धले इण्डियन प्रिमियर लिग (आइपिएल) जस्ता आकर्षक प्रतियोगितासहित समग्र खेल उद्योगलाई झट्का दिने देखिन्छ । एलारा क्यापिटलका करण तौरानीका अनुसार फच्यान्टसी प्लेटफर्महरू आइपिएल र विश्व क्रिकेटका सबैभन्दा आक्रामक विज्ञापनदातामध्ये पर्छन्, अब उनीहरूले विदेशी बजारतर्फ मोडिन सक्छन् ।

डि एण्ड पी एडभाइजरीका सन्तोष एनले यस वर्ष आइपिएल प्रसारण विज्ञापन आम्दानीको ४० प्रतिशतसम्म फच्यान्टसी स्पोर्ट्स र क्रिप्टो प्लेटफर्मले ओगटेको अनुमान गरे । उनका अनुसार प्रतिबन्धपछि उनीहरूको व्यापार मोडेल जोखिममा परेको वा नष्ट भएको छ, जसले विज्ञापन खर्च कटौती गराउने छ ।

यसले प्रत्यक्ष रूपमा प्रसारणकर्ताहरूको आम्दानी घटाउने छ । 'सन् २०२७ मा जब बिसिसिआईले मिडिया अधिकार नवीकरण गर्छ, प्रसारणकर्ताले पहिलेजस्तो ठूलो रकम तिर्न नसक्ने भएकाले नवीकरण प्रिमियम कम हुने छ,' सन्तोषले चेतावनी दिए । *रासस/एएफपी*

# बेलायतको मूल्यवृद्धि दर यथावत्, आर्थिक वृद्धि चुनौतीपूर्ण

**लण्डन–** बेलायतमा अगस्ट महिनामा उपभोक्ता मूल्य वृद्धिदर (मुद्रास्फीति) अघिल्लो महिनासरह स्थिर रहेको आधिकारिक तथ्यांकले देखाएको छ । यसले बेलायतको केन्द्रीय बैंकले ब्याजदर हाललाई यथावत् राख्ने अपेक्षालाई बल दिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार, उपभोक्ता मूल्य सूचकांक अगस्टमा ३.८ प्रतिशतमा कायम रह्यो, जुन जुलाईमा पनि यति नै थियो । यो दर विश्लेषकहरूले गरेका अनुमानसँग मिल्दोजुल्दो छ ।

केन्द्रीय बैंकले अघिल्लो महिना ब्याजदर घटाएर चार प्रतिशतमा ल्याएको थियो, जुन अढाइ वर्षयताकै न्यून स्तर हो । तर, यो साता हुने बैठकमा भने ब्याजदरमा फेरबदल नहुने सम्भावना देखिएको छ, साथै सन् २०२५ को बाँकी अवधिमा पनि यसै अवस्थामा रहन सक्ने अनुमान गरिएको छ ।

यसैबीच, सरकारले गत साता सार्वजनिक गरेको आर्थिक विवरणले जुलाई महिनामा देशको आर्थिक वृद्धि स्थिर रहेको देखाएको छ । यो अवस्थाले प्रधानमन्त्री कियर स्टारमर नेतृत्वको सरकारलाई थप चुनौती दिएको बताइएको छ ।

अर्को तथ्यांकअनुसार बेलायतमा बेरोजगारी दर चार वर्षयताकै उच्च ४.७ प्रतिशतमा कायम रहेको छ । यद्यपि जुलाई महिनाको कूल गार्हस्थ उत्पादन (जिडिपी) पूर्वानुमानअनुसार आएको थियो । सरकारले आर्थिक वृद्धि हासिल गर्न केही कठिनाइहरू रहेको स्वीकार गरेको छ । आगामी नोभेम्बरमा बजेट घोषणा हुने पृष्ठभूमिमा यो विषयलाई गम्भीरतापूर्वक हेरिएको छ ।


केन्द्रीय बैंकले सेप्टेम्बर महिनामा मुद्रास्फीति चार प्रतिशतसम्म पुग्न सक्ने अनुमान गरेको छ, जुन त्यसको दुई प्रतिशतको लक्ष्यको दोब्बर हो । 'आजको तथ्यांकले अहिलेको जस्तो उच्च ब्याजदर अवस्था अझै केही समय रहन सक्ने देखाउँछ,' सम्पत्ति व्यवस्थापन कम्पनी क्विल्टरकी लगानी विश्लेषक लिण्डसे जेम्सले टिप्पणी गरिन् । *रासस/एएफपी*

# राष्ट्रसंघको सन् २०२६ को बजेटमा १५ प्रतिशत कटौती प्रस्ताव

**संयुक्त राष्ट्रसंघ–** महासचिव एन्टोनियो गुटेर्रेसले सन् २०२६ मा संयुक्त राष्ट्रसंघको नियमित बजेटमा १५ प्रतिशत कटौती गर्ने प्रस्ताव गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नीतिले अझ तीव्र पारेको दीर्घकालीन तरलता समस्याका कारण यस्तो कदम चालिएको हो ।

संयुक्त राष्ट्रसंघका एक वरिष्ठ अधिकारीका अनुसार संशोधित बजेट तीन अर्ब २३ करोड ८० लाख डलर रहने छ र यसले दुई हजार ६८१ रोजगारी कटौती गर्ने छ ।

सुरुमा २०२६ को बजेट २०२५ को स्तरमै तीन अर्ब ७० करोड डलर रहने प्रस्ताव गरिएको भए पनि संगठनलाई चुस्त र दक्ष बनाउन गुटेर्रेसले यसलाई घटाएका हुन् ।



मंगलबार सदस्य राष्ट्रहरू र कर्मचारीलाई पठाइएको पत्रमा महासचिवले '१५ प्रतिशतभन्दा बढी कटौती' अर्थात् करिब ५० करोड डलरबराबर र संयुक्त राष्ट्रसंघको कार्यबलमा १९ प्रतिशत कमी हुने बताए ।

यसले शान्ति-सुरक्षा, मानवअधिकार र दिगो विकासजस्ता तीन प्रमुख स्तम्भमा असर पार्ने छ । तर अल्पविकसित राष्ट्रका कार्यक्रमहरू जोगाइने गुटेर्रेसले आश्वासन दिएका छन् ।

उनका अनुसार केहीका लागि यसले परिवारसहित स्थानान्तरण, अरूका लागि कार्य-रिपोर्टिङ लाइनमा परिवर्तन र कतिपयका लागि सेवाबाट अलग हुने अर्थ राख्छ । जेनेभा र न्युयोर्कका कम्तीमा २०० कर्मचारीलाई नैरोबीजस्ता कम खर्चिला सहरमा स्थानान्तरण गरिने छ । यस प्रस्तावित बजेटलाई महासभामा यसै वर्षको अन्त्यमा मतदानका लागि पेस गरिने छ ।

संयुक्त राष्ट्रसंघ वर्षौंदेखि सदस्य राष्ट्रहरूको असमय वा अपूरा योगदानका कारण वित्तीय समस्यामा परेको छ । अमेरिकाले सामान्यतया नियमित बजेटको २२ प्रतिशत योगदान गर्दै आएको भए पनि जनवरीको अन्त्यसम्म वासिङ्टनले एक अर्ब ५० करोड डलर बक्यौता बनाएको थियो । ट्रम्प सत्तामा फर्केपछि अमेरिकाले अझै केही पनि भुक्तानी गरेको छैन ।

भविष्यको अमेरिकी योगदान अनिश्चित बनेको छ । अमेरिकाले पहिले नै धेरै संयुक्त राष्ट्र एजेन्सीहरू छोडिसकेको छ र कंग्रेसले जुलाईमा स्वीकृत कोषसमेत रद्द गरिसकेको छ । *रासस/एएफपी*


**ओमनमा रोजगार** — कम्पनी : ARJAWAN AL-KHABOURA TRAD

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331141 | चलानी नं. ६०२४४९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६२,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD

Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com

श्रम ईजाजत नं. ९७५/०६७/०६८

**साउदी/कुवेतमा रोजगार** — कम्पनी : BLUE DEEM MEDICAL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331130 | चलानी नं. ६०२४४९६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Health Care Assistant Female | 0 | 1 | 3500 | १३०,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QUEEN STYLE LADIES SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 330984 | चलानी नं. ६०२४४८०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ६८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nailartis | 0 | 2 | 150 | ६८,९९५ | | | | | | | |
| 3 | Manicure/pedicure | 0 | 4 | 150 | ६८,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ९ गते (25th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAKI OVERSEAS PVT. LTD.

Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: 01-5916205, Mob: 9863484949 (Lila sir)
E-mail : info@makioverseas.com, Web: https: www.makioverseas.com

Gov. Lic. No. 1754/081/082

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २१६१०० | प्रति तोला – ० | प्रति तोला – २५५० |

## नयाँ बसपार्कमा यात्रुको घुइँचो बढ्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको गोँगबुस्थित नयाँ बसपार्कमा यात्रुको घुइँचो लाग्न थालेको छ । नेपालीको महान् पर्व विजयादशमी तथा तिहार नजिकिँदै गर्दा नयाँ बसपार्कमा यात्रुको घुइँचो लाग्न थालेको हो ।

गत भदौ २३ र २४ गते भएको 'जेनजी'द्वारा गरिएको प्रदर्शनका कारण त्रिभुवन विश्वविद्यालय र त्यसअन्तर्गतका क्याम्पस बिदा भएपछि विद्यार्थी गृहजिल्ला जान थालेका छन् ।

नयाँ बसपार्कमा सञ्चालित लोत्से बहुउद्देश्यीय प्रालिका मानव संशाधन प्रमुख पंकज मल्लले नयाँ बसपार्कमा यात्रुको घुइँचो बढ्न थालेको बताए । उनका अनुसार यातायात व्यवस्था विभागमा मंगलबार बसेको सरोकार भएका निकायको बैठकले यसवर्ष दसैँका लागि अग्रिम टिकट नखोल्ने निर्णय गरेको छ ।

मल्लले यसअघि दैनिक चारदेखि पाँच हजार यात्रु बसपार्कबाट बाहिरिने गरेकामा अहिले सो संख्या बढेर १२ देखि १५ हजार पुगेको जानकारी दिए । उनका अनुसार जेनजी' का प्रदर्शनका कारण अवरुद्ध बनेको सार्वजनिक यातायाता सञ्चालनमा आएपछि उपत्यका छोडेर गृहजिल्ला जानेको संख्या ६५ हजार भन्दाबढी पुगेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले नयाँ बसपार्कमा अहिलेदेखि यात्रुको भीड लाग्न थालेकाले यसवर्ष दसैँमा गृहजिल्ला जाने यात्रुको संख्यामा कमी आउनसक्ने धारणा राखे ।

नयाँ बसपार्कबाट हाल देशभरका ६५ भन्दा बढी जिल्लामा सार्वजनिक यातायात ओहोरदोहोर गर्दै आएका छन् । सरकारले दसैँको समयमा सार्वजनिक यातायातलाई व्यवस्थित बनाउने उद्देश्यले यही असोज ६ गते (घटस्थापना) देखि असोज २२ गतेसम्म नेपालभर लागू हुनेगरी रुट परमिट खुला गरेको छ ।

## सिद्धबाबा सुरुङमार्गको काम ६१ प्रतिशत सकियो

■ प्रभाव संवाददाता



**तानसेन (पाल्पा)–** राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निर्माणधीन सिद्धबाबा सुरुङमार्गको काम ६१ प्रतिशत सकिएको छ । सुरुङ 'ब्रेक थ्रु' भएपछि कामले गति लिएको हो ।

हालसम्म लाइनिङ र ढलानको काम सकिएको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयका प्रमुख दूध अधिकारीले जानकारी दिए । उनका अनुसार एक हजार १२६ मिटर टनेलमध्ये सुरुङ एक हजार ८९ मिटर रहेको छ । सुरुङको भित्री पर्खालमा गरिने संरचनात्मक लाइनिङको काम सबै सकिएको उनले जानकारी दिए ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङमार्गको हालसम्म ६१ दशमलव छ प्रतिशत भौतिक प्रगति भएको छ भने वित्तीय प्रगति ५१ दशमलव एक प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ ।

'सुरुङभित्रको पर्खाललाई कङ्क्रिट, सटक्रिट, ब्लक वा अन्य सामग्रीले छोप्ने काम भएको छ । इन्भर्टको काम पनि एक हजार ८९ मिटर सकिएको छ । यससँगै उत्तर र दक्षिण पोर्टलको कामसमेत अघि बढाइएको छ । उत्तरतर्फ १९ मिटर र दक्षिणतर्फ १८ मिटर पोर्टलको काम गर्नुपर्ने छ', आयोजना प्रमुख अधिकारीले भने ।

उत्तर र दक्षिणतर्फ हेलिप्याड निर्माण भइरहेको जनाउँदै उनले पाँच-सात महिनामा मुख्य टनेलबाट सवारीसाधन गुडाउन सकिने बताए । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन खण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरुङमार्गको विसं २०७९ देखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ ।

सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले रु सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको थियो । सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्मको क्षेत्रमा अत्यधिक पहिरो झर्ने गर्दछ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो ।

## मुस्ताङको चराङमा 'चार्जिङ स्टेसन'

**मुस्ताङ (प्रस)–** जोमसोम-कोरला राजमार्ग सडकअन्तर्गत उपल्लो मुस्ताङको चराङमा चार्जिङ स्टेसन स्थापना गरिएको छ । चार्जिङ स्टेसनको आज लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले शुभारम्भ गरे ।

अध्यक्ष विष्टले पछिल्लो चार्जिङ स्टेसन सञ्चालनमा आएपछि उपल्लो मुस्ताङ र कोरलानाकासम्म पुग्ने विद्युतीय सवारीसाधनका लागि ठूलो सहयोग मिलेको बताए । जोमसोमदेखि माथिल्लो क्षेत्रमा विद्युतीय चार्जिङ स्टेसन नहुँदा कोरलासम्म जाने यात्रुले जोमसोममै विद्युतीय सवारी छाडेर जानुपर्ने अवस्था थियो ।

चार्जिङ स्टेसन ओमडा एण्ड जेको नेपाल कम्पनीले सञ्चालनमा ल्याएको हो । उक्त कम्पनीका प्राविधिक कृष्ण पोखरेलले



चराङमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभी क्षमताको प्रसारण लाइन नभएकाले तत्कालका लागि सामान्य चार्जिङ स्टेसन स्थापना गरिएको बताए ।

स्थानीय जनप्रतिनिधि र सरोकारवालासँग छलफलपछि चार्जिङ स्टेसन स्थापना गरिएको पोखरेलले बताए । चार्जिङ स्टेसन स्थापनाले स्थानीयस्तरमा रोजगारी सृजना हुनुका साथै वातावरणमा पनि सहयोग पुग्ने उनको विश्वास छ ।

## साउन र भदौमा लक्ष्यभन्दा ६० अर्ब कम उठ्यो राजस्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/२०८३ को पहिलो दुई महिनामा ६० अर्ब रूपैयाँ बराबर राजस्व अन्तर देखिएको छ । सरकारले साउन र भदौ महिनामा लक्ष्य राखेको तुलनामा वास्तविक राजस्व ६० अर्ब रूपैयाँ कम संकलन भएको अर्थमन्त्रालयको तथ्यांकले देखाएको छ ।

सरकारले भदौ महिनासम्म २ खर्ब १८ अर्ब रूपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो । तर यो समयमसम्म एक खर्ब ५८ अर्ब रूपैयाँ मात्रै संकलन भएको छ ।

भदौ महिनामा मात्रै ९४ अर्ब रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो । तर भदौ महिनामा ७३ अर्ब रूपैयाँ सकंलन भएको छ । चालु आर्थिक वर्षमा गत वर्षको तुलनामा राजस्व घटेको छ। गत वर्ष साउन र भदौ महिनामा एक खर्ब ६९ अर्ब रूपैयाँ राजस्व संकलन भएको थियो ।

हालसालैको आन्दोलनको कारण करदाताले कर तथा कर विवरण बुझाउन नपाएको कारण सरकारले समय थप गरेको छ ।

अर्थ मन्त्रालयले २०८२ साल साउन महिनाको कर अब २०८२ असोज ५ गतेसम्म बुझाउन सकिने निर्णय गरेको हो ।

अर्थमन्त्रालयका अनुसार करदातालाई कर तिर्ने समय थप्नुका साथै करदातालाई विलम्ब शुल्क, ब्याज, दण्ड र जरिवाना पनि नलाग्ने व्यवस्था मिलाएको छ ।

यस्तै, २०८२ साउन महिनाको कर: आयकर, मूल्य अभिवृद्धि कर र आर्थिक ऐनबमोजिम बुझाउनुपर्ने शिक्षा सेवा शुल्कको विवरण र दाखिला पनि २०८२ असोज ५ गतेसम्म बुझाउन सकिनेछ । सरकारको यो निर्णयले आन्दोलनका कारण समस्यामा परेका करदाताहरूलाई थप समय मिलेको छ ।

## खोटाङमा चाडपर्व लक्षित सुपथ मूल्य पसल



**खोटाङ (प्रस)–** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय खोटाङले जिल्लाका तीन स्थानमा सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएको छ । दसैं, तिहार, छठलगायत चाडपर्वलाई लक्षित गर्दै लिमिटेडले दिक्तेलबजारसहित ऐसेलुखर्क गाउँपालिका र खोटेहाङ गाउँपालिकामा चामलको सुपथ मूल्यका पसल सञ्चालनमा ल्याएको हो ।

जिल्लामा खोलिएका सुपथ मूल्यको पसल यही असोज १० गतेसम्म सञ्चालन लिमिटेड शाखा कार्यालयका प्रमुख सुजनबाबु आचार्यले जानकारी दिए । उनका अनुसार जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजारस्थित व्यापार कम्पनी लिमिटेडको कार्यालय र गोदाम, ऐसेलुखर्कमा डिपो कार्यालय तथा खोटेहाङ गाउँपालिकामा डिपो कार्यालयबाट सस्तो मूल्यमा चामल बिक्री सुरु गरिएको हो ।

यसअघि प्रतिकिलो रु ६५ मा बिक्री भइरहेको अरुवा सोना मन्सुली चामल डिपो कार्यालय ऐसेलुखर्क र खोटाङबजारमा हाल प्रतिकिलो रु ६० मा बिक्री सुरु गरिएको छ । यस्तै, प्रतिकिलो रु ९० मा बिक्री भइरहेको स्टिम जिरा मसिनो चामल प्रतिकिलो रु ८५ मा बिक्री सुरु गरिएको कम्पनीले जनाएको छ ।

दिक्तेलबाट प्रतिकिलो रु ६४ मा बिक्री भइरहेको अरुवा सोना मन्सुली चामल अहिले प्रतिकिलो रु ५९ मा, प्रतिकिलो रु ९० मा बिक्री भइरहेको स्टिम जिरा मसिनो चामल रु ८५ मा र प्रतिकिलो रु ९० मा बिक्री हुँदै आएको स्तरोन्नति गरिएको स्टीम जिरा मसिनो चामल रु ८५ मा बिक्री सुरु गरिएको प्रमुख आचार्यले जानकारी दिए ।

चाडपर्वको समयमा उपभोक्तालाई सस्तो मूल्यमा चामल उपलब्ध गराउँदै खाद्यवस्तुमा बजार मूल्य स्थिरीकरण गर्न सुपथ मूल्यका पसल सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख आचार्यले बताए । लिमिटेडले चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालन गरेपछि ग्रामीण भेगमा बसोबास गर्दै आएका स्थानीयलाई सहज भएको छ ।

अहिलेका लागि पाँच सय क्विन्टल चामल उपलब्ध रहेको जनाइएको छ । दश स्थानीय तह रहेको जिल्लामा वर्षभरिका लागि तीन हजार क्विन्टल चामल उपलब्ध हुने कार्यालय प्रमुख आचार्यले जानकारी दिए ।

## दाङमा ७३० हेक्टरमा व्यावसायिक केराखेती

**घोराही (दाङ)–** पछिल्लो समय यहाँ व्यावसायिक रूपमा केराखेती गर्ने किसानको सफ्या बढ्दै गएको छ । कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा सात सय ३० हेक्टर क्षेत्रफलमा व्यावसायिक केराखेती भएको थियो । यसमा नौ हजार ९७३ मेट्रिक टन केरा उत्पादन भएको कृषि ज्ञान केन्द्रको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

अघिल्लो आवमा छ सय ७० हेक्टर क्षेत्रमा केराखेती भएको ज्ञान केन्द्रसँग तथ्यांक छ । गत आवमा एक सय ५० हेक्टर केराखेती हुने क्षेत्रफल वृद्धि भएको हो । जिल्लाको उत्पादनले बजारको करिब ७० प्रतिशत माग धान्ने गरे पनि चाडपर्वका समयमा भने बाहिरी जिल्लाकै भर पर्नुपर्ने अवस्था रहेको केन्द्रका प्रमुख भण्डारी बताउँछन् ।

'जिल्लामा पछिल्लो समय व्यावसायिक केराखेती बढ्दै गएको छ, उत्पादन वृद्धि भएको र आत्मनिर्भर उन्मुखतर्फ अगाडि बढेको छ', प्रमुख भण्डारीले भने । रोपेको सबै बिरुवा उत्पादन दिने



नभएकाले अहिलेलाई बाहिरबाट आउने केरामै भर पर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

जिल्लामा देउखुरीको राप्ती, शान्तिनगर, गढवा गाउँपालिका, घोराही र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक केराखेती हुने गरेको छ । केराखेतीमा ठूलो लगानी गर्ने किसान तथा व्यवसायी पनि लागेको पाइएको छ ।

प्रमुख भण्डारीका अनुसार जिल्लामा केराखेतीको राम्रो सम्भावना छ, त्यसैले पनि पछिल्लो समयमा केराखेती गर्नेको संख्या हरेक वर्ष वृद्धि हुँदै गएको छ । केराको बजारसमेत राम्रो रहेको उनी बताउँछन् । सबैले उपयोग गर्ने भएकाले केरा खपतमा समस्या छैन । खेती विस्तारका लागि किसानलाई कार्यालयले अनुदानसमेत दिएको थियो ।

अन्य याममा जिल्लामा उत्पादन भएका केराले लगभग पुग्ने भए पनि चाडपर्वका समयमा जिल्ला बाहिरसँगै भारतबाट फलफूल भित्र्याउनुपर्ने अवस्था छ । केराको मागअनुसार उत्पादन हुन नसक्दा जिल्ला बाहिरबाट केरा ल्याउनुपर्ने हुँदा बर्सेनि करोडौं रकम बाहिरिने गरेको व्यवसायी भगत विक बताउँछन् ।

'जिल्लाको उत्पादनले तीन महिना पनि धान्न सक्दैन', फलफूल व्यवसायी विकले भने । जिल्लामा धेरै केरा भारतबाटै आउने गरेको उनको भनाइ छ । चितवन, नवलपरासी, टीकापुरलगायत जिल्लाबाट केरा ल्याउने गरे पनि बाह्रै महिना नपुग्ने उनको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण:** एक्प्रेस कलर प्रेस, **कार्यालय:** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि:** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक:** कृष्ण कार्की, **सम्पादक:** विष्णु तामाङ